TRUTH CENTERED TRANSFORMATION

MODULE 3



# सत्यतालाई पोषण र शैतानको झुटा

# शिक्षक पुस्तिका

# विषय सूची


**पाठ १: के हामी रुपान्तरण भएका छौं ? ........ ३**

परिचय ........ ३
परमेश्वरको व्यवस्था ........ ५
फिजीमा रुपान्तरण ........ ७
मोड्युल १ र २ ........ १०
विचार गर्नुहोस् ........ १०

**पाठ २: हामी सृष्टिको असल भण्डारी हौं ........ ११**

परिचय ........ ११
कथा ........ १२
बाइबल अध्ययन ........ १२
सृष्टिसंग ठीक अन्तरसम्बन्ध ........ १३

**पाठ तीनः हामीले भविष्य परिवर्तन गर्नुपर्छ ........ १६**

परिवर्तन ल्याउन सक्छौं ........ १७
परिवर्तन ल्याउने व्यक्ति बन्नु ........ १८
निष्कर्ष ........ २२
प्रयोग ........ २२

**पाठ ५: परमेश्वरले हामीलाई एकदमै धेरै दिनुभएको छ ........ २४**

परिचय ........ २४
बाइबल अध्ययन ........ २४
हाम्रा विगतका बहानाहरुलाई हटाउने ........ २५
परमेश्वरले हामीलाई दिनुभएको सबै कुरा हेर्न हामीले शुरु गर्नुपर्छ ........ २६
किसानहरु ........ २६

**पाठ ५: शैतान झूटा हो ........ २८**

परिचय ........ २८
शैतानले कस्तो प्रकारको झुट बोल्छ ? ........ २८
झुटहरुका प्रभाव के हुन् ? ........ ३१
झुटहरुबाट कसरी बाहिर आउने ? ........ ३१

**पाठ ६: आवश्यकताहरु पहिचान ........ ३३**

परिचय ........ ३३
परिवारहरु ........ ३४
समुदाय ........ ३४

# पाठ १ : के हामी रुपान्तरण भएका छौं ?

**मुख्य उद्देश्यहरू :**

१. खीष्टियन भएको रूपमा परमेश्वरको आज्ञाकारितामा हिँडेर हाम्रो जीवन रुपान्तरित भइरहनुपर्छ भनि बुझ्नुहोस् ।

२. हामी वास्तवमै परमेश्वरको व्यवस्था आफ्नो जीवनमा लागू गरेर साँच्चै हामी रुपान्तरित देखिरहेका छौं कि छैनौं भनि मूल्याङ्कन गर्न समय लिनुहोस् ।

**आवश्यक सामाग्रीहरू**

१. दृश्य सहायता प्याक- फिजी फिल्म कार्ड

२. ठूलो कागजका पानाहरू र रङ्गीन लाउने क्रेयनहरू

## परिचय

तलका कथाहरू पढ्नुहोस्

### कथा १. रुवाण्डा

रुवाण्डा ८२ लाख मानिसहरूको जनसंख्या भएको सानो देश हो । १०० वर्ष अघि कुनै खीष्टियनहरू थिएनन् तर सन् १९९० को प्रारम्भमा सबै ठाउँमा चर्चहरू थिए : पचासी प्रतिशत रुवाण्डाको मानिसहरू खीष्टियनहरू थिए । यो १९४० तिर बढी मात्रामा पूर्व अफ्रिकामा फैलिएको जागृतिबाट सुरु भयो, जसको फलस्वरूप लाखौं मानिसहरू बचाइएका थिए । जब सन् १९९१ र १९९३ विशाल सुसमाचारीय क्रुसेडहरू आयोजना गरिएको थियो हजारौं मानिसहरू बचाइए ।




तर पनि अप्रिल र मे १९९४ मा भयानक हत्याकाण्ड भयो, जब दश लाखको मृत्यु भयो र बीस लाख जना रुवाण्डाबाट देश निकाला गरिए । हत्या चाहिँ जातीय घृणाको कारण भएको थियो । यो कुनै बम्ब वा बन्दुकले गरिएको थिएन तर हाका-हाकी चक्कुले गरिएको थियो । ८५ प्रतिशत खीष्टियनहरू भएको देशमा आमने-सामने खडा भई दुई खीष्टियनहरू एक अर्कालाई चक्कुहरूले मार्थे । भयानक घटेका घटनाहरूको कथाहरू अविश्वसनीय थियो । स्त्रीहरू आफ्नै बालबालिकाको अगाडि बलात्कृत भएर मारिनु अनि बालबालिकाहरूलाई जीउँदै गाड्न बाध्य भएको कथाहरू सुन्नु सामान्य थियो । संसारको कसैलाई पनि थाहा थिएन कि दुई खीष्टियनका समूहहरूले एक अर्कालाई त्यति धेरै घृणा गर्न सक्ने कुरामाथि विश्वासै गर्न सकेनन् ।

### कथा २: संयुक्त राज्य अमेरिका

अमेरिकाभरि तपाईं सबै ठाउँमा चर्चहरू पाउन सक्नुहुन्छ । तपाईं जाने हरेक ठाउँमा खीष्टियन रेडियो स्टेशन सुन्न सक्नुहुन्छ वा खीष्टियन टिभी कार्यक्रम हेर्न सक्नुहुन्छ । धेरै जस्तो समुदायमा खीष्टियन कलेजहरू र विश्व विद्यालयको साथै खीष्टियन स्कूलहरू छन् । त्यहाँ असिमित खीष्टियन किताबहरू, वेबसाइटहरू, म्यागजिनहरू र समाचार पत्रहरू

छन् । तैपनि, हरेक वर्ष अमेरिकामा १५ लाख नवजात शिशुहरू गर्भपतनद्वारा मारिन्छन् । आधा विवाहहरू सम्बन्धविच्छेदमा समाप्त हुन्छन् । यी तथ्याङ्कहरू गैर-खीष्टियनहरूको लागि मात्र होइन । लज्जापूर्वक रूपमा सम्बन्धविच्छेद र गर्भपतन दर खीष्टियनहरूमा पनि लगभग उस्तै छ ।

**कथा ३: ब्राजिल**




आमेजोन रिभरको छेउमा रहेको समुदायहरू अधिक गरीब र टाढा छन् । उनीहरू कहाँ जाने एक मात्र उपाय भनेको डुङ्गा हो । यी समुदायहरूमा तीस वर्ष अगाडि कुनै पनि चिनिएका खीष्टियनहरू थिएनन् । तीस वर्षअघि मिसनरीहरू यी क्षेत्रहरूमा डुङ्गामा आएर प्रचार गरे अनि मानिसहरू बाँचे । मिसनरीहरू केही समयको लागि बस्थे, चर्च स्थापना गर्थे अनि अर्को समुदायमा जान्थे । अब तपाईं त्यहाँ जानुभयो भने रुनुहुनेछ किनभने गाउँलेहरू एकदम गरीब छन् । यी गाउँले परिवारहरूसँग खानाको अभाव छ । परिवारहरूले पैसा कमाउने एउटा तरिका चाहिँ आफ्नी छोरीहरूलाई वेश्याको रूपमा भाडामा दिनु हो, जबदेखि उनीहरू बाह्र वा तेह्र वर्षका हुन्छन् ।



किसानहरूले आफ्नो छोरीहरूलाई समुदायको धनी मानिसहरूको लागि उपलब्ध गराउँछन् । खीष्टियन भएका बुबाहरूले पनि त्यही गर्छन् - पैसाको लागि आफ्नो छोरीहरूलाई भाडामा दिने ।

- यी हरेक कथाहरूमा के भयो ?
- के यी कथाहरू भयानक छन् कि छैनन् ? तिनीहरू किन भयानक छन् ?
- यी परिस्थितिहरूको विषयमा परमेश्वरले कस्तो महसुस गर्नुहन्छ भनि तपाईं सोच्नुहुन्छ ? अनि किन ?

## कथा ४: पहाडी गाउँ

पहाडहरूमा एउटा सानो गाउँ छ । यो देशको गरीब क्षेत्रमा थियो अनि मानिसहरू एकदम साधारण तरिकाले जिउँथे । उनीहरूको निम्ति भोजनको लागि खाना जुटाउन समेत मुश्किल थियो । वर्ष कस्तो हुन्थ्यो भनेर निर्धारण गर्न तिनीहरू मौसममा निर्भर रहनुपर्थ्यो- के त्यहाँ पर्याप्त हुन्थ्यो वा तिनीहरूले अभावको सामना गर्नुपर्थ्यो ? तिनीहरूसँग कुनै शौचालय थिएन र एकदम साधारण घरमा बस्थे । तिनीहरू दुखी मानिसहरू थिएनन् तर तिनीहरू हरेक वर्ष जमीनमा संघर्ष गरी कडा परिश्रम गर्थे ।

तीस वर्ष पहिला मिसनरीहरू यो क्षेत्रमा पहिलो पटक आए र तिनीहरूलाई खीष्टको विषयमा बताए । तिनीहरूले सुन्दै जाँदा बुझेपछि विश्वास गरे अनि खीष्टियन बने । मिसनरीहरूले यस क्षेत्रका मानिसहरूलाई चर्च स्थापना गर्न सहायता गरे । मानिसहरू नियमित रूपमा चर्चमा उपस्थित भए । तिनीहरू खुशी थिए किनभने तिनीहरूलाई थाहा थियो कि यदि तिनीहरू मरे भने तिनीहरू स्वर्ग जानेछन् र तिनीहरूले त्यो आश्चर्यजनक दिनलाई अघि हेरी राखे जब तिनीहरूले आफ्नो मुक्तिदातालाई भेट्ने थिए ।

मिसनरीहरूले त्यस क्षेत्र छोडेर गए अनि चर्च तिनीहरूको स्थानीय अगुवाको निर्देशनमा सेवा चलिरह्यो । तीस वर्ष पछि मिसनरीहरू फर्केर आए । चर्च विकसित भएको थियो र मानिसहरू निरन्तर चर्च आएर एकसाथ भेला हुन

प्रतिबद्ध थिए । तैपनि गाउँ वास्तवमा उस्तै थियो । तिनीहरू अझै अलिकता गरीब थिए र अझै पनि तिनीहरू त्यो वर्षमा भोको हुनेछन् कि खानको लागि पर्याप्त हुनेछ भनि मौसममा निर्भर भएर निर्धारण गर्थे । त्यो समुदायमा अझ पनि शौचालय थिएन । एकदम थोरै परिवर्तन भएको थियो ।

- यो कथामा के भयो ?
- के यो कथा अचम्मको थियो ? किन थियो वा किन थिएन ?
- यो कथा र अरू कथाहरूको विषयमा उस्तै कुरा के हो ?

केहि प्रकारले अन्तिम कथा पहिलो तीन कथाहरूभन्दा हामीलाई बढी भयानक नलाग्न सक्छ किनभने यो सामान्य हो । तर यो पनि अरू कथाहरूझै उस्तै छ : खीष्टियानिटीले मानिसहरूलाई बचाएको थियो तर त्यसले तिनीहरूको जीवनलाई परिवर्तन गरेको थिएन । परमेश्वरले हाम्रो जीवन स्वर्गमा होइन तर पृथ्वीमा फरक भएको चाहनुहुन्छ ।

## परमेश्वरको व्यवस्थाहरू

व्यवस्था ३०: ११-२० पढ्नुहोस्

- परमेश्वरले उहाँको व्यवस्था कसरी व्याख्या गर्नुहुन्छ ? तिनीहरू कठीन छन् कि सजिलो छन् ?
- पद १५ मा हाम्रो अगाडि कस्तो विकल्पहरू छन् ? तपाईं के रुचाउनुहुन्छ ?
- के कुराले जीवन र आशिष ल्याउँछ ? (पद १५-१६)
- के कुराले मृत्यु र श्राप ल्याउँछ ? (पद १७-१८)
- हामीले के रोजेको परमेश्वर चाहनुहुन्छ ? (पद १९)

व्यवस्था २८: १-१४ पढ्नुहोस्

- हामीले परमेश्वरको व्यवस्था पालन गर्दा के हुन्छ ?
- के यी प्रतिज्ञाहरू हाम्रो मृत्यु पछिको जीवनको लागि हो कि पृथ्वीमा हाम्रो जीवनको लागि हो ?

व्यवस्था २८: १५-१९ पढ्नुहोस्

- हामीले परमेश्वरको व्यवस्था पालन नगर्दा के हुन्छ ?

परमेश्वरले धेरै व्यवस्थाहरू बनाउनुभयो, जसले हामीलाई कसरी जीउने भनि बताउँछ । त्यहाँ नैतिक व्यवस्थाहरू छन्, जसले व्यक्तिगत भलाईलाई शासन गर्छ । उदाहरणको लागि, "तैंले व्यभिचार नगर् ।" अनि हामीले देख्न सक्ने कुराहरूमाथि शासन गर्ने प्राकृतिक वा सृष्टिका व्यवस्थाहरू छन् । उदाहरणको लागि हरेक दिनमा २४ घण्टा हुन्छ वा बिरुवालाई हुर्कनको लागि पानी चाहिन्छ ।

हामीले परमेश्वरको व्यवस्था पालना गर्दा हाम्रो जीवनमा सुधार आएको हामी देख्छौं । हामीले यी व्यवस्थाहरू वा नियमहरू बुझ्नु आवश्यक छ र तिनीहरूलाई हाम्रो जीवनमा लागू गरी सुरु गर्न आवश्यक छ । हामीले त्यसो गर्दा हाम्रो जीवनमा परमेश्वरको आशिष देख्नेछौं ।

# मोड्युल १ समिक्षा

मोड्युल १ बाट पोष्टर ३ लाई हेर्नुहोस्, पाठ १

- यी हरेक चित्रहरूले कस्तो अन्तरसम्बन्धहरू प्रतिनिधित्व गर्दछ ?
- यी हरेक क्षेत्रहरूको लागि के परमेश्वरको व्यवस्थाहरू र सिद्धान्तहरू छन् ? तपाईले सोच्न सक्ने केही व्यवस्था र सिद्धान्तहरू के-के हुन् ?



यी अन्तरसम्बन्धहरूलाई कसरी सञ्चालित गर्ने भनेर परमेश्वरसँग व्यवस्थाहरू छन् । यी हरेक क्षेत्रहरूमा हामी सफल हुन र तोडिएको सम्बन्धहरूलाई पुनर्स्थापना गर्न उहाँले हामीलाई सिद्धान्तहरू दिनुभएको छ । अवश्य पनि, येशू फेरी फर्केर नआउन्जेल तिनीहरू सिद्ध हुनेछैनन् तर तिनीहरूमा सुधार आउनुपर्छ ।

हामीले विगतको तालिममा धार्मिक सुधारको विषयमा सिकाएका थियौं । त्यो समयमा मानिसहरू गरीब थिए । थोरै धनी जमीनदार र राजकीय घराना बाहेक सबैजस्तो मानिसहरू गरीब थिए र भोकै हुन्थे ।

४०० वर्ष अगाडितिर उत्तर युरोपमा धार्मिक सुधार आएको थियो । मानिसहरूले पहिलो पटक आफै बाइबल पढ्न थाले । बाइबलले के भन्छ भनि तिनीहरूले पुजाहारीले भनोस् भनेर पर्खिरहेनन् । परमेश्वरले उहाँको ब्रहमाण्डमा निर्माण गर्नुभएको प्राकृतिक र नैतिक व्यवस्थाहरू सिक्न थाले । समय बित्दै जाँदा यी व्यवस्थाहरू बढी भन्दा बढी चर्चहरू र स्कूलहरूमा सिकाईदै थियो । यी शिक्षाहरूबाट मानिसहरू परिवर्तन हुन थाले - तिनीहरूले सिकेको नयाँ अवधारणाहरूमा आधारित जीवनहरू जीउन थाले । उदाहरणको लागि, तिनीहरूले बुझे कि मानिसको निम्ति होइन तर उहाँको निम्ति काम गरेको जस्तै हामीले काम गर्नुपर्ने कुरा परमेश्वरले बताउनुभएको थियो (एफिसी ६:७) । तिनीहरूले यो पनि बुझे कि हामीले दिनुपर्छ र एक अर्कोलाई सहायता गर्नुपर्छ ।

तिनीहरूको समुदाय परिवर्तन गर्दा तिनीहरू पनि परिवर्तन भए । बढी खाद्य उत्पादन गरियो अनि बढी श्रोतहरू बाँडिन पुग्यो । परिवारहरू र समुदायहरू सामर्थी भए, धेरै मानिसहरू शिक्षित हुन स्कूलमा गए । उत्तरी युरोप देश सबै पछि गरिबीबाट बाहिर आयो ।

उत्तरी युरोपका देशहरू परमेश्वरको व्यवस्थाहरू पालन गरी धनी बने । परमेश्वरको व्यवस्था अस्वीकार गर्दा गरिबी ल्याउँछ । यदि हामी गरिबीबाट बाहिर आउन चाहन्छौं भने हामीले यी सिद्धान्तहरूलाई बुझ्न र तिनीहरूलाई व्यवहारमा उतार्न सुरु गर्नु जरुरी छ ।

हामीलाई बाइबल दिइएको छ, जसले परमेश्वरको व्यवस्थालाई उल्लेखित गर्छ । हामीले तिनीहरूलाई हाम्रो जीवनको सबै क्षेत्रको अंशहरूमा लागू गर्न जरुरी छ । शनिबार चर्च आउन मात्र पर्याप्त छैन । परमेश्वरलाई हरसमय मानेको उहाँ चाहनुहुन्छ । हामीले मान्दै जाँदा हाम्रो जीवन सुध्रिएको देख्नेछौं, त्यसको मतलब यो होइन कि हाम्रो जीवन सजिलो हुनेछ । हामीले पावलको जीवनलाई हेर्‍यौं भने उनले अक्सर कठिनाईहरू सामना गर्नु परेको देख्न सक्छौं । तर परमेश्वरको आज्ञाहरू पालन गर्दै जाँदा आशिष दिने प्रतिज्ञा उहाँले गर्नुभएको छ । पावलले पनि कठिनाईहरू सामना गर्नु पर्दा सन्तुष्ट थिए र आनन्द पाए ।

## फिजीमा परिवर्तन

**निर्देशन** : तल फिजीको विषयमा कथाहरू भन्दै गर्दा फिल्म कार्डहरू प्रयोग गर्नुहोस् ।

विद्यार्थीहरूले कथा सुन्दाखेरी उनीहरूलाई तलका प्रश्नहरूको उत्तरहरू तयार पार्न भन्नुहोस् :

१. मानिसहरूले परमेश्वरको आज्ञापालन सुरु गर्ने केही तरिकाहरू के-के थिए ?

२. उनीहरूलाई परमेश्वरले आशिष दिएको हेर्ने केही तरिकाहरू के-के थिए ?

**फिजी फोटो कार्डहरू**

| | |
|---|---|
| १.परिचय  | फिजी ३२२ टापुहरूले बनेको छ । यो एकदम प्रख्यात पर्यटक क्षेत्र हो, जहाँ धेरै प्रख्यात मानिसहरू विदा मनाउन आउँदछन् । प्रायः जसो सबै आय पर्यटकहरूबाट आउँदछ । फिजीमा करीब ८५०,००० मानिसहरू बस्दछन् । आधा मानिसहरू फिजी छन् भने अरू आधा चाहिँ भारतीयहरू छन् । |
| २. सामना गरिएको समस्याहरू  | मे २००० मा सरकारलाई नियन्त्रित गरियो र भाग्न नसक्ने गरी सरकारी अधिकृतहरूलाई बन्दुक तेर्स्याई ५६ दिनसम्म राखियो । सडकहरूमा दङ्गा फैलिरहेको थियो र मानिसहरूले एक-अर्कालाई मारिरहेका थिए । सिपाहीहरूले एक-अर्कालाई आक्रमण गरे । सरकारी सदस्यहरूलाई स्वतन्त्र छोडेपछि पनि देशमा अझ अराजकता थियो । पर्यटकहरू आउन बन्द भयो अनि त्यसैकारण मानिसहरूले पर्यटकहरूसँग व्यापार गर्न सकेनन् । |
| ३. चर्च एकसाथ संगठित भए  | फिजीका चर्चहरू एकसाथ काम गरेनन् र तिनीहरूले एक-अर्कालाई सहयोग गरेनन् । तर त्यतिबेला चाहिँ चर्चहरूले यो बुझे कि तिनीहरू एकसाथ आएर भेला भई संगठित हुनुपर्छ र देशको लागि प्रार्थना गर्नुपर्छ । तिनीहरूले पहिलो सभा आयोजना गर्दा तिनीहरूलाई थाहा थिएन कि कोही आउने छन् कि छैनन् तर कोठा चाहिँ चर्चका अगुवाहरूले भरियो । तिनीहरूले नयाँ सहकारिता विकास गरे: खीष्टियन चर्चहरूको संगठन । पास्टरहरूले भने कि विगतमा उनीहरूले आफ्नो विषयमा मात्र विचार गरेका थिए तर अब उनीहरूले यो बुझे कि यदि तिनीहरूको देशलाई परमेश्वरले आशिष दिनको लागि तिनीहरूले एक साथ कडा परिश्रम गर्नुपर्नेछ । |
| ४. प्रधानमन्त्रीले स्वीकार छन्  | जुलाई २००१ मा देशभरिका खीष्टियनहरू एकसाथ बाइबल अध्ययन र प्रार्थनामा सहभागी भए । समयको अन्तमा तत्कालीन प्रधानमन्त्रीले प्रार्थना गरे र परमेश्वरले तिनलाई क्षमा गरी उनीलाई मार्गदशन गर्नुभएको होस् भनि प्रार्थना गरे ताकि उनले परमेश्वरलाई सम्मान गर्न सकेका होऊन् । चाँडै नै त्यसपछि उनी फिजीका प्रधानमन्त्री बने र उनको साथमा सेवकाई गर्नको लागि अरू परमेश्वरका भक्त मानिसहरूलाई खोजी गरे । |
| ५.अन्धकार विगत | विगतमा फिजी बोक्सी विद्या र नरमांस-भक्षणको लागि चिनिन्थ्यो । तिनीहरूले पीडितहरूलाई आफ्नै शरीर जलाउनको लागि काठहरू काट्न समेत लगाएका |

| | |
|---|---|
|  | थिए । बोक्सी विद्याका नेताहरू तातो ढुङ्गाहरूमा हिँड्न सक्थे र तिनीहरू जल्दैनथे तर यो विगतले गाउँहरूमा श्राप छोडेको थियो । मानिसहरू रहस्यमय तरिकाले मर्थे र उनीहरुलाई त्यसको कारण थाहा हुँदैन थियो । |
| ६.एउटा गाउँको कथा   | लागु औषधको बढी लत लागिरहेको एउटा गाउँ थियो । त्यस क्षेत्रमा मुख्य लागु औषध व्यापारीको एक जना साथी बिरामी भयो । उ मर्नेछ भनेर चिन्ता र डरमा थियो । तिनीहरूले चर्चको विषयमा सुने र उनलाई प्रार्थनाको लागि लगे । उनी निको भए र आफ्नो जीवन येशूलाई अर्पण गरे । जब गाउँका मानिसहरूले के भयो भनि सुने तब तिनीहरूले पनि येशूलाई पछ्याए । तिनीहरूले यो थाहा पाए कि तिनीहरूलाई दुष्ट शैतानले झुट बोलेको थियो । त्यो क्षेत्रमा तिनीहरूले सबै बोक्सी विद्या र जादु टुनामुना बन्द गरे । लागु औषधको मुख्य व्यापारी पनि खीष्टियन भयो अनि लागु औषध बेच्न बन्द गऱ्यो । अब गाउँमा भएका मानिसहरू ८०-९० प्रतिशत खीष्टियन भएका थिए । गाउँका अगुवाहरू एकदम खुशी थिए तर त्यो पर्याप्त थिएन । तिनीहरू हरेक बिहान ४ बजे प्रार्थनाको लागि भेला हुन सुरु गरे । तिनीहरूले क्षमाको लागि प्रार्थना गरे र परमेश्वरलाई तिनीहरूको समुदायलाई नियन्त्रण गर्न मागे । अब बिरामी मानिसहरू बिरामी हुन छोडे, फल नफलाउने रूखले अब फल फलाउँछ अनि समुद्र माछाले भरिन थालेको छ जबकि विगतमा त्यहाँ थोरै मात्र माछाहरू पाउँथ्यो । |
| ७. जेलखानामा परिवर्तन  | सरकारलाई नियन्त्रण गर्न खोज्ने मानिसहरू अब चाहिँ जेलमा कैदी बनाइएका थिए । जेल कुनै आशा नभएको ठाउँ थियो तर चर्चहरू ती जेलहरूमा पनि जान थाले । पहिलातिर यो कठीन थियो । मानिसहरूमा आफूभित्र एकदम धेरै घृणा थियो अनि तिनीहरू बदला लिन चाहन्थे । तिनीहरू क्षमा दिन तयार थिएनन् तर परमेश्वरले काम गर्नुभयो र कैदीहरू खीष्टियन बने । अब तपाईं मानिसहरूले जेलमा आराधनाका गीतहरू गाएको सुन्न सक्नुहुन्छ । तपाईं जेलमा हिँड्दै गर्दा त्यो चर्च जस्तै सुनिन्छ । |
| ८. अरू बढी परिवर्तन  | शहरहरूमा पनि धेरै बढी परिवर्तनहरू भए । चर्चहरू नियमित रूपमा शहरहरूमा प्रार्थना गर्न भेला हुन्थे । तिनीहरूले एक-अर्कालाई विगतमा घृणा गरेकोमा क्षमाको प्रार्थना चढाए । शहरहरू परिवर्तन हुन थाले । विगतमा मानिसहरू हाँस्दैनथिए तर अब हाँस्छन् । त्यहाँ अपराधका घटनाहरू, गरिबी, माग्ने मानिसहरू र सडक बालबालिकाहरू घटेको छ । बालबालिकाहरू स्कूल जान थालेका छन् । अर्थतन्त्र सुधार हुँदैछ र पर्यटकहरू फर्कदैछन् । |
| ९. अर्को गाउँको कथा | अर्को क्षेत्रमा ५५ वर्ष देखि कुनै पनि माछा थिएनन् किनभने विषादीले पानीलाई बिगारेको थियो । खोलाहरूको किनारमा कुनै पनि बालीनाली थिएन । गाउँका सबैजना मानिसहरू आफ्नो पुर्खाहरूको पाप स्वीकार गरी बोक्सी विद्याबाट क्षमाको लागि प्रार्थना गर्न एकसाथ भेला भए । उनीहरूले परमेश्वरसँग क्षमा मागे । धेरै दिनहरूको लागि तिनीहरू परमेश्वरको अघि जान्थे र रुन्थे । सबै जनाले आफ्नो बोक्सी विद्याको सामाग्रीहरू ल्याएर नाश गरे । परिणामस्वरूप |

| | |
|---|---|
|  | परमेश्वरले तिनीहरूको पानीलाई निको पार्नुभयो र माछाले भरिन थाल्यो । खोलाको किनारमा भएको जमीन पनि निको भयो र धेरै उब्जनीहरू उमार्न थाल्यो । |

एकसाथ २ इतिहास ७: १४ पढ्नुहोस्

- मानिसहरू कस्ता तरिकाले परमेश्वर तर्फ फर्के ?
- परमेश्वरले कस्तो तरिकाले तिनीहरूको जमीनलाई निको पार्नुभयो ?

तिनीहरू कस्तो तरिकाले परमेश्वरको आज्ञा पालन गर्न थाले ?

क. चर्चहरूले एकसाथ काम गरे

ख. चर्चहरूले एकसाथ प्रार्थना गर्न थाले

ग. मानिसहरूले विगतमा गरेको पापको लागि क्षमा मागे

घ. बोक्सी विद्यासँग सम्बन्ध भएको सामानहरू फालिदिए

परमेश्वरले तिनीहरूलाई कस्तो तरिकाले आशिष दिनुभयो ?

क. जमीनले बिरुवाहरू उमार्न थाल्यो, जहाँ पहिला कुनै बिरुवाहरू थिएन

ख. समुद्रमा माछा थियो

ग. समुद्री खाद्य विगतको भन्दा बढी थियो

घ. त्यहाँ कम अपराध थियो

ङ. त्यहाँ कम सडक बालबालिका थिए

च. मानिसहरू हाँस्थे

छ. पर्यटकहरू फर्किए

ज. अर्थतन्त्रमा सुधार आयो

हामी अरू केही पाठहरूमा परमेश्वरको धेरै व्यवस्थाहरूलाई अझ हेर्नेछौं । त्यसपछि शैतानले हामीलाई कसरी झुट बोलेर गरिबीमा राख्न प्रयास गऱ्यो भनि हेर्नेछौं ।

## मोड्युल १ र २

हामीले अघिल्लो दुई तालिमहरूमा परमेश्वरको केही व्यवस्थाहरूका विषयमा चर्चा गरिसकेका छौँ ।

### सानो समूहहरूमा

हरेक शीर्षकमा तपाईंले त्यसको विषयमा सिकेको कुरालाई सम्झन प्रयास गर्नुहोस् । यी हरेक विचारहरूको लागि चित्र बनाउनुहोस् वा कथा वा उदाहरण विचार गर्नुहोस् ।

- छिमेकीलाई प्रेम गर्नु
- दिनु
- काम
- आत्मिक, भौतिक, सामाजिक र मानसिक

चित्रहरू अब सबै कक्षामा बाँड्नुहोस् ।

### विचार गर्नुहोस्

यी क्षेत्रहरूको विषयमा विचार गर्न समय लिनुहोस् । यी कुराहरूलाई प्रयोगमा लागू गर्न के गरिरहनुभएको छ ?

तपाईंले गर्नसक्ने अरू कुनै कुरा के के हुन् ?

# पाठ २ : हामी परमेश्वरको सृष्टिको भण्डारी बन्नुपर्छ

## उद्देश्यहरुः

१. हामी सृष्टिको भण्डारी हुनुपर्छ र राज्य गर्नुपर्छ तर सृष्टिद्वारा दुरुपयोग र राज्य गरिनुहुँदैन भनि बुझ्न

२. सृष्टिद्वारा तिनीहरू कसरी शासित भए, त्यसको तरिकाहरू र त्यसलाई कसरी रोक्न सक्छन् भनि सोच्नुहोस्

३. तिनीहरू सृष्टिको असल भण्डारी नभएको तरिकाहरू र तिनीहरूलाई कसरी सुधार्न सकिन्छ भनि सोच्नुहोस्

**सामाग्रीहरूको सूची**

१. दृश्य सहायता प्याक-सृष्टिका कार्डहरू

२. पानीको झोला

३. पानी सफा गर्ने कपडा

४. योजना लेख्नलाई ठूला कागजको पाना

## परिचय

कोठाको एउटा स्थानमा पानीको झोला राख्नुहोस्, जसले पानी बगेपछि कुनै पनि कुरालाई हानी गर्दैन र विद्यार्थीहरूले त्यसमाथि ध्यान दिन सक्नेछन् । सियोले झोलामा सानो दुलो बनाउनुहोस् र तपाईंको पाठ सुरु गर्दा पानी बग्न दिनुहोस् । दुलो ठूलो भएको निश्चित हुनुहोस् ताकि विद्यार्थीहरूको ध्यान खिच्नलाई पानी जोडले बगोस् । पाठ सुरु गर्नुहोस् र यो उदाहरणलाई पूरा गर्नुहोस्, जबसम्म कसैको ध्यान खिचिन्छ ।

जब कसैले झोलाबाट बगिरहेको पानीमाथि टिप्पणी गर्दछ तब तपाईंले केही पनि गर्न नसक्ने कुरा बताउनुहोस् । के गर्न सकिन्छ भनि विद्यार्थीहरूलाई सुझाव दिन लगाउनुहोस् । यदि कसैले तत्कालै कुनै सुझाव प्रदान गरेनन् भने तिनीहरूलाई यसो भनि सोध्नुहोस् , “के तपाईंले केही कुरा गर्न सक्नुहुन्छ ?”

**ठूलो समूहमा छलफल गर्नुहोस्**

- के भयो ?
- मैले पानीलाई बाहिर आउन नरोकेको भए के हुन्थ्यो ?
- पानीलाई बाहिर चुहुनबाट रोक्न “म केही गर्न सक्दिन” भन्दा तपाईंले के सोच्नुभयो ?

परमेश्वरले हामीलाई बाइबलको पहिलो अध्यायमा नै उहाँको सृष्टिमाथि अधिकार गर अथवा “मालिक” बन भन्नुहुन्छ । यो पाठमा हामी त्यो बयानलाई अझ नजिकबाट हेर्नेछौं ।

## कथा

**निर्देशनहरू** : कक्षालाई तलको कथा पढेर सुनाउनुहोस्

पोकोम्ची इन्डियनहरू ग्वाटेमालाको गरीब प्रान्तमा भएका मानिसहरू मध्ये सबैभन्दा गरीब मानिसहरू हुन् । तीस वर्ष पहिला मिसनरीहरू आएर सुसमाचार प्रचार गरी चर्चहरू स्थापना गरे । धेरै पोकोम्चीहरूले खीष्टलाई स्वीकारे तर तिनीहरूको समुदाय गरीब नै रहिरह्यो । परिवर्तित नव युवा खीष्टियन पुस्ताले भविष्यको लागि आशा पाए तर आजको निम्ति आशा पाएनन् । वास्तवमा, तिनीहरू मर्नको लागि पर्खिरहेका थिए ताकि तिनीहरूले पृथ्वीमा आफ्नो दुःखी अवस्थाहरू त्याग्न सकून् र स्वर्गमा येशूसँग हुन सकून् ।

तिनीहरू परिवर्तन हुन थाले जब युवा पास्टर अरटुरोले पोकोम्चीहरूको माझ काम गर्न थाले । उनले अशिक्षित पोकोम्ची पास्टरहरूसँग सहकार्य गर्न थाले । उनले तिनीहरूलाई होशियारीपूर्वक बाइबल सिकाउन थाले । तिनीहरूले पढ्दै जाँदा उनले बाइबलमा रहेको परमेश्वरको व्यवस्थाहरू र सिद्धान्तहरू हाम्रो दैनिक जीवनमा कसरी लागू गर्नुपर्छ भनेर व्याख्या गर्थे ।

पोकोम्चीहरूमा रहेको सामान्य समस्या चाहिँ कटनी गरिएको फसलको लागि प्रभावकारी भण्डारको अभाव थियो । किसानहरूले फसल कटनी गर्दा तिनीहरूको छोराछोरीले खानुभन्दा अघि मुसाहरूले खाइदिन्थे । अरटुरोले किसानहरूलाई सोधे, “तिमीहरू चलाख छौ कि मुसाहरू, मुसाहरूले हामी माथि राज्य गर्दछन् ?” किसानहरूले स्वीकारे कि मुसाहरूले तिनीहरू र आफ्नो परिवारमाथि राज्य गरे । तिनीहरूले खान लैजान्थ्यो र कसैले तिनीहरूलाई रोकेनन् । मानिसहरूले होइन तर मुसाहरूले के खानुपर्छ भनि निर्णय लिएको थियो ।



तब अरटुरोले बाइबलबाट पुरुष र स्त्रीले सृष्टिमाथि राज्य गर्नुपर्ने कुरा तिनीहरूलाई देखाए । उनले तिनीहरूलाई सृजनात्मक हुन आशिष दिएको कुरा याद दिलाए किनभने तिनीहरू परमेश्वरको स्वरूपमा बनेका थिए । तिनीहरूमाथि सृष्टिले अधिकार नगरीकन सृष्टिमाथि अधिकार गर्ने सिद्धान्तलाई पालन गरी परमेश्वरले तिनीहरूलाई सृजनात्मक वरदान दिनुभएको थियो ।

पोकोम्चीले बाइबल अनुसार व्यवहार गर्नुपर्ने निर्णय गरे अनि मुसाहरूमाथि राज्य गर्न सुरु गरे । तिनीहरूले मुसाहरूलाई रोक्न भण्डारको सुविधाहरू निर्माण गरे । मुसाहरूबाट खाद्य पदार्थ जोगाउँदा उनीहरूको परिवारको लागि पर्याप्त खाद्यान्न हुन थाल्यो ।

### ठूलो समूहमा छलफल गर्नुहोस्

- कथामा के भयो ?
- यो कथाबाट हामी के सिक्न सक्छौं ? हाम्रो क्षेत्रमा यो कसरी लागू हुन्छ ?

**बाइबल अध्ययन**

उत्पत्ति १: २६-२८, २: १५, भजनसंग्रह २४: १ पढ्नुहोस्

- पृथ्वी कसको हो ? (भजनसंग्रह २४)

- परमेश्वरले मानिसलाई उहाँको सृष्टिलाई के गर भन्नुभयो ?
    - अधिकार गर
    - काम गर
    - यसको हेरचाह गर
- हेरचाह गर्नु भनेको अर्थ के हो ? हामीले केही कुराको हेरचाह गर्दा के गर्दछौँ ? हामी कसरी परमेश्वरको सृष्टिको हेरचाह गर्न सक्छौँ ?
    - जब हामीले कुनै कुराको हेरचाह गर्दछौँ तब हामी त्यसको संरक्षण गर्दछौँ अनि त्यो तोडिएर नाश हुन नदिनलाई निश्चय गर्दछौँ । हामी यो फोहर मैला नफाली वा सृष्टिलाई नाश नहुन दिएर गर्न सक्छौँ । हामी रूखहरू काट्ने जस्तो कुरामा होशियार हुनुपर्छ, जसले पहिरो ल्याउँछ ।
- काम गर भन्नुको अर्थ के हुन्छ ? हामी कसरी त्यो गर्न सक्छौँ ?
    - जब हामी त्यसमा काम गर्दछौँ, त्यसबाट केही उत्पादन गर्ने बनाउँदछौँ । सृष्टिले हामीलाई खाद्य पदार्थ र सुन्दरता जुटाउनुपर्छ र हाम्रो आवश्यकता पूरा गर्नुपर्छ, उदाहरणको लागि घर बनाउने सामग्रीहरू । जब हामी खेतीको काम गर्छौं तब परमेश्वरले हामीलाई आज्ञा गर्नु भएको काम गर्दछौँ । हामीले खेती किसानको काम गर्दा उहाँ खुशी हुनुपर्दछ किनभने हामी यो आज्ञा पालन गरिरहेका छौँ ।
- सृष्टिलाई अधिकार गर भन्नुको अर्थ के हो (पोकोम्चीको कथाको विषयमा सोच्नुहोस् )
    - अधिकार गर भन्नुको अर्थ हामीमा केही कुरामाथि नियन्त्रण गर्ने क्षमता छ । उदाहरणको लागि हेरेको पानीको झोलालाई हामी पानीको बहाव रोक्न सक्छौँ - यसले हामीलाई नियन्त्रण गर्न सक्दैन । सृष्टिमाथि अधिकार गर्न हामीले हाम्रो सृजनशिलता प्रयोग गर्नुपर्छ । उदाहरणको लागि पुलले सृष्टिमाथि अधिकार गर्छ । पुल बिना खोलाले हामीले कता जानुपर्ने हो भनेर निर्धारण गर्दछ । पुल र डुङ्गाले हामी कता जानुपर्ने हो भनेर निर्णय गर्न सक्छौँ । हामीलाई सृष्टिले नियन्त्रण गरेको महसुस भएको परमेश्वरको इच्छा होइन । हामीले सृष्टिमाथि निरन्तर सृजनात्मक रूपमा अधिकार गर्न परमेश्वरसँग माग्नुपर्छ ।

जब हामी सृष्टिको अधिकार, काम र हेरचाह गर्दा परमेश्वरले हामीलाई आज्ञा गर्नु भएको कुरा पालन गरिरहेका हुन्छौँ । हामी यो सृष्टिसँग ठीक सम्बन्ध भएको भन्दछौ । दुर्भाग्यवश, पतनको कारण परमेश्वरले हामीलाई पहिला दिनुभएको आज्ञाहरूभन्दा निकै कठीन छ तर पनि उहाँले अझ पनि हामीले आज्ञा पालन गरेको चाहनुहुन्छ ।

## सृष्टिसँग ठीक अन्तरसम्बन्ध

### २-३ जनाको सानो समूहहरूमा

दृश्य सहायक प्याकबाट हरेक समूहहरूलाई सृष्टिको कार्डहरू दिनुहोस् । उनीहरूलाई हरेक चित्रको कार्डमा हेर्न भन्नुहोस् । तिनीहरूलाई सृष्टिसँग ठीक सम्बन्धहरू छ कि छैन भनि देखाउनलाई मिलाउनुहोस् ।

कक्षामा विद्यार्थीहरूलाई केही खाली कार्डहरू दिनुहोस् । उनीहरूलाई आफ्नै समुदायबाट अझ अरू उदाहरणहरूको चित्र कोर्न लगाउनुहोस् ।

तिनीहरूले समूहहरू भएर काम गरि सिध्याए पछि हरेक कार्डहरूलाई हेर्नुहोस् । हरेक कार्डको लागि समुदायमा लागू गर्न सुझाव दिनुहोस् । राम्रो कार्डहरूको लागि अझ बढी गर्नुपर्छ कि भनेर सोध्नुहोस् तर खराब कार्डहरूको लागि त्यसलाई गर्न रोक्नुपर्छ कि भनेर भन्नुहोस् । हामीले कसरी यी परिवर्तनहरू गर्न सक्छौं ?

## सृष्टिका कार्डहरू

| | | |
|---|---|---|
| **जनावरहरूलाई हेरचाह गर्नु**<br><br>हामीलाई जनावरहरूको हेरचाह गर्न भनिएको छ । हामीले तिनीहरूलाई सुहाउँदो बासस्थानहरू बनाउनु आवश्यक छ ताकि तिनीहरूले हाम्रो घरमा कुनै पनि रोग बिमार नल्याओस् । यो हाम्रो सृष्टिमाथि गर्ने अधिकारको पाटो हो । | **सफा पानी**<br><br>इनार बनाएर, फिल्टरहरू प्रयोग गर्ने, पानी उमाल्ने वा त्यसलाई घाममा राख्नाले त्यसले पानीलाई हाम्रो शरीरको लागि पिउन उपयोगी बनाउँछ ताकि त्यसले हामीलाई बिरामी बनाउँदैन । | **खाद्य उत्पादन गर्ने**<br><br>हामीले खाद्य आफ्नो खाँचोको लागि उत्पादन गर्नुपर्छ । यो जमीनमा काम गर्ने एक पाटो हो । परिवारको लागि भान्सा घर बगैंचा अझ पौष्टिक खाना उत्पादन गर्ने तरिका हो । |
| **खेती किसानी**<br><br>हामीलाई परमेश्वरले दिनुभएको जमीनमा खेती गर्नुपर्छ । यसले हाम्रो परिवारको निम्ति जुटाउनु पर्छ तर हामीमाथि नियन्त्रण गर्नुहुँदैन । हामीले सिँचाई बिधिहरू तयार पार्नुपर्छ ताकि माटो उर्वरा भएर त्यसले अझ बढी उब्जनी देओस् । | **घर निर्माण गर्ने**<br><br>हामीलाई घाम र पानीबाट जोगिन आश्रय चाहिन्छ । हाम्रो सुरक्षित घर हुनु सृष्टिमाथि अधिकार गर्नुको निश्चयता हो । हामी घाम र पानीले शासित कदापी हुनैछैनौं । | **शौचालय**<br><br>शौचालयले रोग बिमारको खतरा घटाएर हाम्रो वातावरणलाई स्वस्थ्य राख्छ । हामीले वातावरणको हेरचाह गरी त्यसले हामीमाथि रोग बिमार नल्याएको निश्चित हुनुपर्छ । |
| **माछा पक्रनु**<br><br>हाम्रो निम्ति भोजन जुटाउने अर्को तरिका माछा मार्नु हो । | **रूख काट्नु**<br><br>रूख काट्दा सँधै एउटा नयाँ विरुवा रोप्ने कुरामा हामी होशियार हुनुपर्छ । रूख परमेश्वरले दिनुभएको वरदान हुन्, जसले बाढी पहिरोलाई रोक्छ । | **मुसा मार्ने पासो**<br><br>मुसो मार्ने पासोले हाम्रो खाद्य खान समस्या घटाउँछ । मुसा मार्ने पासो जटिल हुनुपर्दैन । तिनीहरू माथि दिएको जस्तो बाँसको पासो हुनसक्छ |

| | | |
|---|---|---|
| | यदि हामी रूख काट्छौँ अनि जमीन प्रयोग गर्दनौं भने त्यो रूखो भूमि हुन्छ, जसले उत्पादन गर्दैन । | । हामीले सृष्टिमाथि अधिकार गर्नपर्छ र मुसाले विरामी बनाउने मौका दिनुहुँदैन । |
| **झिँगाको पासो**<br><br>झिँगाको पासो चाहिँ झिँगाको संख्या घटाउने अर्को तरिका हो । हामीलाई सृष्टिमाथि अधिकार गर भनिएको छ र झिँगाहरूको संख्या घटाउने अधिकार गर्नु एउटा तरिका हो । | **झिँगाहरूबाट खानाहरूलाई छोप्नु**<br><br>हामीले आफ्नो परिवारलाई झिँगाले बोकी हिँड्ने रोगहरूबाट बचाउन खाना छोप्नुपर्छ । | **मच्छरको झुल मुनि सुत्ने**<br><br>मच्छरको झुलमुनि सुत्दा हामीलाई मलेरिया या कुनै लामखुट्टेको टोकाईबाट हुने रोगबाट बच्नु निश्चित गर्नु हो । |
| **फोहर टोकरीमा राख्ने**<br><br><br>परमेश्वरले हामीलाई सृष्टिको हेरचाह गर भन्नुभएको छ । त्यसको अर्थ परमेश्वरलाई आदर गर्न यसलाई सुन्दर राख्नु हो । हामीले जमीनमा फोहर फाल्नु हुँदैन तर फोहर फाल्ने टोकरीमा राख्नुपर्छ । | **रूखो / प्रयोग गर्न नसकिने जमीन**<br><br>अनुत्पादक जमीनलाई फर्काएर उत्पादनशील जमीन बनाउने बिधि र तरिकाहरू हामीले खोज्नु पर्छ, जस्तै सिँचाई वा प्राकृतिक मल | **इनार खन्नु**<br><br>परमेश्वर दिनुभएको जमीन मुनिको पानीलाई प्रयोग गर्नको निम्ति इनार एक माध्यम हो । इनारको पानीले हामीलाई सफा र स्वस्थ्य रहन मद्दत गर्दछ । |
| **सागसब्जी उमार्नु**<br><br>हाम्रो परिवारलाई खाना जुटाउने अर्को तरिका चाहिँ सागसब्जी उर्मानु हो | **घरमा जनावरहरू**<br><br>जनावरहरू कहिल्यै पनि हाम्रो खानाको नजिक हुनुहुँदैन । हामीले जनावर माथि नियन्त्रण गर्नुपर्छ र तिनीहरूको लागि छुट्टै बासस्थान बनाउनुपर्छ । | **मुसाहरूले खाना खानु**<br><br>मुसाहरूले रोग फैलाउँछ र हामीले खानुपर्ने खाना खाईदिन्छ । हामी मुसाबाट खानाहरू जोगाउनुपर्छ र हाम्रो क्षेत्रमा मुसाको संख्या घटाउन पासो जस्ता कुराहरू प्रयोग गर्नुपर्छ |

# पाठ ३ : हामीले भविष्य परिवर्तन गर्नुपर्छ

**उद्देश्यहरु**

१. हामी कहिल्यै परिवर्तन नहुनको लागि परमेश्वरले अभिप्राय गर्नुभएको छैन भनी बुझ्नुहोस् । हाम्रो निम्ति उहाँसँग उद्देश्य छ अनि हामी वृद्धि भएर हाम्रो जीवन सुध्रेको चाहनुहुन्छ ।

२. हामीले कसरी त्यो परिवर्तन अरूमा ल्याउन सक्छौं भनेर बुझ्नुहोस् ।

**सामाग्रीहरू**

१. दृश्य सहायक प्याक-परिवारको दु:खित चित्र

२. दृश्य सहायक प्याक-येशू र दफनको लागि चित्र कार्डहरू

३. दृश्य सहायक प्याक- श्रीमती लिको चित्र कार्डहरू

## परिचय

निर्देशनः दुखित परिवारको चित्र देखाएर कक्षालाई सोध्नुहोस् :



- के यो परिवार विगतको अन्तिम छ महिनामा परिवर्तन भएको कुरामा विचार गर्नुहुन्छ ?
- के यो परिवार अघिल्लो वर्ष परिवर्तन भएको विचार गर्नुहुन्छ ?
- के यो परिवार अर्को महिना परिवर्तन हुन्छ भनेर विचार गर्नुहुन्छ ?
- के यो परिवार अर्को छ महिनाभित्र परिवर्तन हुन्छ भनेर विचार गर्नसक्नु हुन्छ ?
- के यो परिवार अर्को वर्ष परिवर्तन हुन्छ भनि विचार गर्न सक्नुहुन्छ ?

यदि तिनीहरूले सबै प्रश्नहरूलाई हुन्न भनेर उत्तर दिएमा तिनीहरूलाई किन भनेर अर्को प्रश्न सोध्नुहोस् ? यदि तिनीहरूले हुन्छ भनेर उत्तर दिएमा कसरी परिवर्तन हुन्छन् भनि तिनीहरूलाई सोध्नुहोस् ?

पाठ १ मा रहेको पदहरू फेरि पढ्नुहोस् - व्यवस्था २८:१-१४

- परमेश्वरले हामीलाई कस्तो तरिकाहरूमा आशिष दिन चाहनुहुन्छ ?
- के यो पदहरूले यो परिवारको लागि लागू हुन्छ ?

यर्मिया २९:११ पढ्नुहोस्

- हाम्रो जीवनको लागि परमेश्वरसँग कस्तो किसिमका योजनाहरू छन् ?
- के यो पदहरू यो परिवारको लागि लागू हुन्छ ? किन हुन्छ वा किन हुँदैन ?

**सानो समूहहरूमा**

परमेश्वरले अभिप्राय गर्नु भएको अनुसार यो परिवारको लागि अर्को चित्र बनाउनुहोस् ।

## परिवर्तन ल्याउन सक्छौं

"राजाको छोरा राजा हुन्छ ,भिक्षुको छोरा भिक्षु हुन्छ ।"

"खोला सानो हुने समय हुन्छ र त्यो ठूलो हुने पनि समय हुन्छ र त्यसैगरी मानिसहरूको जीवनमा पनि हुन्छ ।"

"पर्याप्त खानु कठीन छ तर धनी हुनु सजिलो छ ।"

याद गर्नुहोस् : *माथिका सबै सामान्य भनाईहरू हुन् - तपाईंको सन्दर्भ अनुसार विभिन्न भनाईहरू रोज्न सक्नुहुनेछ ।*

- यी भनाईहरूको अर्थ के हो ?
- के तपाईं यस्तै अर्थ भएका अरू भनाईहरू थाहा छ ?
- यी भनाईहरू मध्ये तपाईं कुन चाहिँ सँग सहमत हुनुहुन्छ ?
- यदि यी भनाइर्हरू ठीक हो भने कुन चाहिँ बाइबल अनुसार मिल्छ ?

यर्मिया ५:१

- परमेश्वरले कति जना मानिसहरूलाई हेरिरहनुभएको थियो ?
- यदि परमेश्वरले यो व्यक्तिलाई पाउनुभयो भने के हुन्थ्यो ?

इजकिएल २२:३०

- परमेश्वरले कति जना मानिसहरूलाई हेरिरहनुभएको थियो ?
- यदि परमेश्वरले यो व्यक्तिलाई पाउनुभयो भने के हुन्थ्यो ?
- यदि परमेश्वरले यो व्यक्तिलाई पाउनुभएन भने के हुन्थ्यो ?

विद्यार्थीहरूलाई याद दिलाउनुहोस् कि एक जनामात्र व्यक्तिले विश्वासयोग्य साथ परमेश्वरलाई पछ्यायो भने सम्पूर्ण शहर नाश हुनदेखि जोगाउन सक्छ ।

## परिवर्तन ल्याउने व्यक्ति बन्नु

लूका ७: ११-१७ पढ्नुहोस्

शहरको ढोकामा येशू र उहाँको चेलाहरू हिँड्दै जाँदा छोराको दफनमा विधवालाई भेटेको समयमा यो घटना घट्दछ । येशूका चेलाहरू उत्साहित छन् किनभने तिनीहरूले आश्चर्यकर्म देखेका थिए । विधवा र दफनको भीडहरू शोक मनाई रोइरहेका छन् ।

- यो कथामा के भयो ?

परिवर्तन ल्याउने मानिसको विषयमा यो कथाबाट सिक्नसक्ने ८ वटा कुराहरूलाई अवलोकन गर्न दृश्य सहायक प्याकबाट कार्डहरू प्रयोग गर्नुहोस् ।

१. **येशूको ध्यान उनीमाथि पऱ्यो** : भीडमा धेरै मानिसहरू थिए । येशूका चेलाहरू आफू देखेको आश्चर्यकर्मबाट उत्साहित थिए । तर पनि येशूले उनीलाई भीडको बीचमा देख्नुभयो । यदि हामी परिवर्तन ल्याउने मानिस बन्न चाहन्छौँ भने हामी ध्यान दिएर देख्ने मानिस हुन सक्नुपर्छ । हामीले व्यक्तिहरू हेर्न निश्चित हुनुपर्छ खाली भीड मात्र हेर्न होइन ।

२. **उहाँको हृदय उनको लागि दयाले भरियो** : यदि हामी परिवर्तन ल्याउन चाहन्छौँ भने हामी दयालु भएको महसुस गर्नु आवश्यक छ । अरूहरू खाँचोमा पर्दा हृदय तोडिने व्यक्ति हामी बन्नुपर्दछ । प्रायःजसो हामी देख्न र वास्ता गर्न रोक्छौँ । हाम्रो समुदायमा कोही खाँचोमा पर्दा हामी के गर्दछौँ ? हामी के गर्नेछौँ जब परिवारको नानीको आमा वा हजुरबा हजुरआमालाई बालबच्चाहरू हेर्न एकलै छोडेर श्रीमान गएको छ ? के हामीलाई दया लाग्छ ? समुदायको लागि बढी प्रेम दिनुभएको होस् भनेर परमेश्वरसँग माग्नुहोस् । उहाँले समुदायमा हेरिरहनुभएको जस्तैगरी मानिसहरू  हेर्नलाई उहाँसँग माग्नुहोस् ।

३. **उहाँले उत्साहको वचनहरू दिनुभयो** : प्रायःजसो मानिसहरूलाई वास्ता गर्ने र उत्साह दिने कोही मानिसहरूको खाँचो हुन्छ । अरूहरूलाई साँचो रूपले सहयोग गर्न श्रोतहरू चाहिएको विषयमा सोच्नु सजिलो छ तर प्रायः जस्तो सहयोग चाहेको मानिसहरूलाई तिनीहरूसँग एकसाथ खडा भएर उत्साह दिने व्यक्तिको आवश्यक परेको हुन्छ ।

४. **येशूले लाशको बाकस छुनुभयो** : उहाँले यसो गर्दा उहाँले एउटा काम गर्नुभयो जुन उहाँको परम्परा अनुसार गलत थियो । यहूदीहरूले विश्वास गर्थे कि कहिल्यै पनि लाशको बाकसलाई छुनु हुँदैन नत्र भने त्यसले अशुद्ध बनाउनेछ । अरू कसैलाई सहयोग गर्न येशू इच्छुक हुनुहुन्थ्यो । मानिसहरूलाई सहयोग गर्न हामीले खतरा उठाउने, फोहोरी हुन पनि इच्छुक हुनुपर्छ । मानिसहरूले हाम्रो विषयमा चर्चा गरी अस्वीकार गर्नसक्छन् तर हामीले परमेश्वरले बोलाउनु भएको कुरा गर्नु आवश्यक छ ।

५. **परमेश्वरको वचन र प्रार्थनामा शक्ति छ** : येशूले प्रार्थना गर्नुहुँदा मरेको मानिस जीवित भयो । तपाईंले सामना गर्नुपरेको परिस्थितिमा कहिल्यै पनि प्रार्थना गर्न नबिर्सनुहोस् । मानिसहरूको लागि प्रार्थना गर्न समय लिनुहोस् । परमेश्वरले परिस्थितिलाई परिवर्तन गर्नसक्नुहुन्छ र सबै प्रकारको आवश्यकताको वास्ता गर्नुहुन्छ भनि विश्वास गरेर प्रार्थना गर्नुहोस् । मानिसहरूलाई प्रार्थना गर्न सिकाउनुहोस् ताकि तिनीहरूले पनि परमेश्वरको शक्ति थाहा गर्न सकून् ।

६. **त्यहाँ परिणाम थियो** : नव जवान मानिस मृत्युबाट जीवित भएर उठ्यो । हाम्रो कामबाट परिणामहरू हुनुपर्छ । यदि तपाईं सहयोग गर्न चाहनुहुन्छ भने तपाईंले सजिलै गर्नसक्ने सानो कुराबाट सुरु गर्नुहोस् । जब तपाईंले सफलता पाउनुहुन्छ तब मानिसहरू उत्साहित हुनेछन् अनि बढी मानिसहरू सहभागी हुन इच्छुक हुनेछन् । अन्तमा तपाईंले अझ बढी कठीन कामहरू गर्न सक्नुहुन्छ ।

७. **येशूले आमालाई बालक दिएर छोड्नुभयो** : आमा महान साहसी स्त्री थिइन्, उनले सबै भन्ने कुरा गरिरहेकी थिइन् । उनी महत्वपूर्ण व्यक्ति थिइन् । जब हामीले मानिसहरूलाई सहयोग गर्छौं तब हामी श्रेय लिन चाहँदैनौं र ध्यान केन्द्रित हुन चाहँदैनौं । अरूलाई के भएको थियो भन्दा व्यक्तिलाई चम्कन दिनुहोस् । तपाईंले श्रेय लिनुभन्दा यसले तिनीहरूको गौरव निर्माण गर्दछ ।

८. **परमेश्वर महिमित हुनुभएको थियो** : अन्तमा महिमा परमेश्वरतर्फ फर्केर जानुपर्छ । सबै कुरा भइसकेपछि सँधै यो निश्चित हुनुहोस् कि परमेश्वरले नै प्रशंसा पाउनुभएको होस् ।

**निर्देशन : श्रीमती लीको कथालाई मोडयुल १ बाट समीक्षा गर्नुहोस्**

श्रीमती ली मेकोङ्गमा बसिरहनुभएको वास्तविक स्त्री हुनुहुन्छ । उनको समुदायका गरीब परिवारहरूलाई उहाँ सहायता गर्न चाहनुहुन्छ, विशेषगरी ती परिवारहरू जो बेरोजगार छन् । हरेक महिना केही परिवारहरूलाई जीविका चलाउन सहायता गर्ने तरिका पत्ता लगाउनको निम्ति तिनीहरूलाई उहाँ भेटघाट गर्न थाल्नुहुन्छ । उहाँले सहायता गर्न सकेको तीनवटा सफल कथाहरू यहाँ प्रस्तुत गरिएको छ । यी सबै कथाहरू सत्य छन् ।

**कथा १- श्रीमती ली र फूलको बगैंचा**



उहाँको क्षेत्रमा दुईजना बच्चाहरू सहितको एउटा परिवार थियो । आमा र बुवा दुवैजना बेरोजगार थिए । श्रीमती तिनीहरूलाई भेट्न जानुभयो र उनीहरूको घर अगाडि माटो भएको सानो जमीन भएको देख्नुभयो । "तपाईंहरू किन फूलहरू रोप्नुहुन्न," भन्दै उहाँले प्रश्न सोध्नुभयो । "तपाईंहरूले यसो गर्दा आफ्नो घरको वातावरण सुन्दर बनाउन सक्नुहुन्छ र तिनीहरूलाई नजिकको बजारमा पनि बेच्न सक्नुहुन्छ ।"

यो परिवारको आमाले ठ्याक्कै त्यही गरिन् र उनले उमारेको फूलहरूलाई बजारमा लगेर बेच्न थालिन् । तर उनले चाँडै यो थाहा पाइन् कि उपभोक्ताहरूले अरू किसिमका फूलहरूका पनि माग गरिरहेका थिए तर उनीसँग जम्मा सानो जमीनको टुक्रा थियो अनि अरू कुनै किसिमका फूलहरू रोप्न सकिनन् । तर पनि यो आमाले आफूले उमारेको फूलहरू सहित अरू फूल उमोर्नेहरूबाट फूलहरू किनेर फाइदाको लागि बेच्न थालिन् । अब बजारमा फूलहरू बेच्न सानो क्षेत्र भएकोले उनले सोच्न थालिन् ,"म अरू पनि कुराहरू बेच्न सक्छु !" उनी बिहान सबेरै उठेर केरा र नरिवल किनी बजारमा आफ्नो फूलको दोकानमा बेच्न थालिन् ।

**कथा २- श्रीमती ली अनि सखरखण्ड**



अर्को सहायता चाहिएको परिवार काम गर्न चाहन्थ्यो तर के गर्ने भनेर कुनै उपाय थिएन र उनीहरूसँग कुनै विशेष सीपहरू थिएन । उनीहरूले दैनिक मजदुरीको रूपमा काम गर्थे तर प्राय:जसो

उनीहरूले काम पाउन सकिरहेका थिएनन् । श्रीमती लीले यो परिवार कठोर परिश्रमी भएको देख्नुभयो तर यिनीहरू वास्तवमै काम गर्न चाहन्थे । त्यसैले उहाँ चर्चमा त्यो अर्को परिवारलाई भेट्न जानुभयो, जो सखरखण्ड उमार्ने किसानहरू थिए । उहाँले तिनीहरूलाई सखरखण्ड खेती फाइदाजनक, त्यसको लागि राम्रो बजार भएको र सखरखण्ड खेती गर्न आवश्यक थालनीको प्रक्रिया पत्ता लगाउन र सिक्न उनीहरूलाई सोध्नुभयो । जब उहाँले त्यो राम्रो काम भएको थाहा पाउनुभयो तब उहाँले आफ्नो छिमेकीहरूलाई प्रेम गर्न अनि गरीबहरूको हेरचाह गर्न परमेश्वरले बोलाउनुभएको कुरा त्यो परिवारलाई व्याख्या गर्नुभयो र गरीब परिवारहरूलाई सखरखण्ड किसानहरू बन्ने प्रक्रिया सिकाउन इच्छुक छन् कि भनेर तिनीहरूलाई सोध्नुभयो । उनीहरू सिकाउनलाई राजी भए । श्रीमती लीले दुई परिवारको परिचय गराउनुभयो । केही गर्न सकिने सम्भावना देखेर यो गरीब परिवार यति उत्साहित थियो कि अब तिनीहरू गएर चाँडै सखरखण्ड खेती सुरु गर्नलाई सानो जमीनको टुक्रा भाडामा लिएर आवश्यक पर्ने सबै कुरा तयार पारे । वर्षको अन्तमा उनीहरूको राम्रो कटनी हुन पुग्यो र जमीनको भाडा तिर्ने बिऊ किन्ने पैसा कमाउन सक्षम भए अनि अझैसम्म पनि आफ्नो लागि फाइदा कमाउन सकिरहेका छन् ।

**कथा ३- श्रीमती ली अनि परिवारको पुनर्मिलन**

श्रीमती लीले सहयोग गर्न चाहनुभएको तेश्रो परिवार चाहिँ आफ्नो अभिभावकहरूबाट अलग भएको थियो । अभिभावकहरूले विश्वास गर्थे कि यो परिवार बेकार थियो र केही पनि गर्न सक्ने थिएन । परिवारको दुई भागहरूलाई पुनर्मिलन गराउने प्रयासमा श्रीमती लीले परिवारलाई भेट्नुभयो । अभिभावकहरूले परिवारसँग पुनर्मिलन गरेर तिनीहरूको थोरै सहयोग गर्नलाई स्वीकारेको खण्डमा श्रीमती लीले परिवारलाई निरन्तर भेटी तिनीहरूको जीवन सुधार्ने प्रतिज्ञा गर्नुभयो । परिणामस्वरूप अभिभावकहरूले आफ्नो छोरा र उसको परिवारलाई भरोसा गर्ने निर्णय गरे अनि तिनीहरूले कवाडी फलामको व्यापार सुरु गर्नलाई केहि पैसा ऋण पनि दिए । अचेल छोराले फलामको पुरानो, प्रयोग भएको सामानहरू खरिद गर्छ र त्यसलाई पुनरावृत्ति गर्ने पसलमा बेच्छ । उसले दैनिक जे कमाउँछ, त्यसको लागि धन्यवाद छ किनभने अब आफ्नो परिवारलाई हेरचाह गर्न सक्छ र आफू सम्मानित भएको महसुस गर्दछ ।



**ठूलो समूहमा छलफल**

- श्रीमती लीले कसरी उहाँको समुदायमा परिवर्तन गरिरहनुभएको छ ?
- के तपाईंले कहिल्यै श्रीमती लीले झैं आफ्नो समुदायलाई परिवतर्न गर्ने मौका पाउनुभएको छ ? तपाईंले के गर्नुभएको छ ?
- विधवाको विषयमा बाइबल अध्ययनमा उल्लेख गरिएको कुराहरू मध्ये कुन तरिकाहरू श्रीमती लीले अपनाएकी छिन् ?
    - उहाँले मानिसहरूलाई ध्यान दिनुभयो । उहाँले परिवारहरूलाई छनोट गर्नुभयो र तिनीहरूलाई भेट्न सुरु गर्नुभयो ।
    - उहाँले तिनीहरुमाथि दया गर्नुभयो । उनीहरूलाई सहयोग गर्न इच्छुक हुनुभयो ।
    - उहाँले तिनीहरूलाई उत्साह दिनुभयो ।
    - जोखिम उठाउन र कठोर परिश्रम गर्नुभयो । उहाँले मानिसहरूलाई उत्साह मात्र गर्नुभएन तर तिनीहरूलाई सहयोग गर्ने तरिकाहरू पनि खोज्नुभयो ।

- कथाहरूले उल्लेख नगरेको भएपनि उहाँले प्रार्थना गर्नुभयो भनेर हामी निश्चित हुन सक्छौँ ।
- त्यहाँ परिणाम थियो ।
- निरन्तर गरिरहन उहाँले मानिसहरूलाई स्वतन्त्र छोड्नुभयो । उहाँले होइन तर तिनीहरूले बजारमा लगी आफ्नो उत्पादन बेचे, जमीनमा खेती किसानी गरे ।
- परमेश्वर महिमित हुनुभयो । कथामा उल्लेख नगरिएको भएतापनि केही मानिसहरू ख्रीष्टियन भए ।

• श्रीमती लीबाट हामी कस्ता पाठहरू सिक्न सक्छौँ ?

- हामीमा मानिसहरूलाई सहयोग गर्ने हृदय र त्यसो गर्न समय दिन इच्छुक हुनुपर्छ ।
- हाम्रो समुदायमा सहायता चाहिने मानिसहरूसँग हामीले अन्तरसम्बन्ध गाँस्नको लागि समय खर्च गर्नुपर्छ । मानिसहरूलाई भरोसा दिलाउन हामीले नियमितरूपमा भेटिरहन आवश्यक छ ।
- हामीले मानिसहरूलाई सुन्नुपर्छ - कठीन परिस्थितिहरूमा भएका धेरै मानिसहरूले अरूबाट वास्ता र प्रेम गरेको मात्र चाहन्छन् । उनीहरूले वास्ता गरेको महसुस गरे वापत सुझावहरू सुन्न बढी इच्छुक हुनेछन् । हामीसँग न्याय गर्ने होइन तर वास्तविकरूपले सहयोग गर्ने भावना भएको निश्चिय गर्नुपर्छ । तपाईंले न्याय गरेकोजस्तो महसुस मानिसहरूले गरे भने तपाईंसँग कुराहरू बाँड्न इच्छुक नहुने सम्भावना बढी हुन्छन् ।
- मानिसहरूलाई कुराहरू गर्न नयाँ तरिकाहरूद्वारा देख्नको लागि हामीले ठूलो उपाय र विचारहरू ल्याउन आवश्यक छ । प्रायःजसो मानिसहरूलाई जीवनहरू परिवतर्न गर्ने प्रक्रिया थाहा हुँदैन । गरीब मानिसहरूलाई आफ्नो परिस्थितिहरू परिवर्तन गर्न नसक्ने महसुस गर्दछन् र फरक जीवन अपनाउनको लागि उनीहरू सजिलै हरेस खान्छन् । तिनीहरू जीवन परिवर्तन गर्न तिनीहरूलाई नयाँ विचार र उपायहरू दिन अनि उनीहरूको साथमा खडा हुनको लागि इच्छुक हुने कोही मानिसहरू उनीहरूलाई चाहिन्छ ।
- विचार र उपायहरूलाई लागू गर्न हामीले कठोर परिश्रम गर्न इच्छुक हुनुपर्छ । श्रीमती लीले पहिलो बिऊहरू योगदान गर्नुभयो अनि स्त्रीसँग मिलेर एकसाथ रोप्न थाल्नुभयो । उनलाई के गर्नुपर्छ भनेर मात्र श्रीमती लीले सिकाउनुभएन । यो परिवारलाई सखरखण्ड रोप्ने प्रक्रिया सिकाउनको निम्ति इच्छुक व्यक्ति खोजेर पाउनुभयो र उनीहरूले प्रयोग गर्नको लागि जमीन खोज्नलाई सहायता गर्नुभयो । तेश्रो कथामा उहाँ परिवार कहाँ जानुभयो र तिनीहरूसँग मध्यस्थता गर्नुभयो । उहाँले मानिसहरूलाई के गर्नुपर्छ मात्र भन्नुभएन तर तिनीहरूलाई सुरु गर्नलाई मद्दत गर्न सक्रियतासाथ सहभागी हुनुभयो ।
- सानो सुरुवात गर्न इच्छुक हुनुपर्छ । यो कथामा सबै उपाय र विचारहरूले आमुल परिवर्तन ल्याउँदैन । मानिसहरूलाई सहयोग गर्न कहिलेकाहीँ हामी दिनदिनै एक कदम पछि अर्को कदम लिँदै परिश्रम गर्नुपर्छ । हरेक मानिसबाट एकदम चाँडो आमुल परिवर्तन हुनुपर्ने अपेक्षा नगर्नुहोस् । तिनीहरूलाई सजिलो पहिलो कदम चाल्न दिनुहोस्, जसबाट सफलता हासिल भएको महसुस गर्न सकून् । सानो कुरामा मानिसहरूले एकचोटी सफल भएपछि तिनीहरू केही ठूलो कुरा गर्नलाई बढी इच्छुक हुन्छन् ।

**सहयोगी समूह**

कहिलेकाहिँ मानिसहरूलाई सहयोग गर्ने उपायहरूको विषयमा सोच्नु कठीन हुन्छ । धेरै उपायहरू पाउने एउटा प्रभावकारी तरिका चाहिँ सहयोगी समूह सुरु गर्नु हो । यो हप्तामा एकचोटी एकसाथ भेला हुन आउने मानिसहरूको समूह हुनसक्छ किनभने तिनीहरूसँग मानिसहरूलाई सहयोग गर्ने इच्छा हुन्छ । तिनीहरूले सहयोग गरिरहेको मानिसहरूको लागि एकसाथ प्रार्थना गर्नसक्छन् र तिनीहरूले परिवर्तन ल्याउने उपाय लाउनलाई सहयोग गर्न इच्छुक भएको क्षेत्रहरूको विषयहरू बाँड्न सक्छन् । एउटा व्यक्तिले सोच्न सक्नेभन्दा बढी उपायहरू समूहले एकसाथ विचार गर्न सक्छन् । तपाईंलाई बुद्धि दिनको लागि परमेश्वरसँग माग्न नबिर्सनुहोस् ।

**सानो समूहमा छलफल गर्नुहोस् ।**

पाठको सुरुवातदेखि परिवारको दृश्यको विषयमा विचार गर्नुहोस् । परमेश्वरले तिनीहरूको जीवनलाई परिवर्तन गर्ने अभिप्राय गर्नुभएअनुसार तिनीहरूको वर्तमान परिस्थितिबाट परिवतर्न ल्याउन सहयाग गर्ने केही तरिकाहरूको विषयमा विचार गर्नुहोस् ।

**निष्कर्ष**

भजनसंग्रह १३९:१४-१७

हाम्रो भविष्यलाई विगतको कुराहरूले निर्धारण गर्दछ भन्ने कुरामा कहिलेकाहिँ विश्वास गर्न सजिलो हुन्छ । हामी गरीब परिवारमा जन्मेका छौँ भने हामी सजिलैसँग गरीब हुन्छौँ, यदि हाम्रो परिवार किसान थियो हामी पनि किसानै हुनेछौँ । तरपनि तपाईंको जीवनको निम्ति परमेश्वरसँग योजना छ । तपाईं विशिष्टसँग बनाइनुभएको छ र तपाईंमा हुनुपर्ने चरित्र र प्रतिभाहरू परमेश्वरले तपाईंलाई दिनुभएको छ अनि परिवारमा राख्नुभएको छ जहाँ तपाईं जन्मिनुभएको उहाँ चाहनुहुन्थ्यो । उहाँले दिनु भएको कुराहरू परिवर्तन ल्याउनको लागि प्रयोग गरेको उहाँ चाहनुहुन्छ । तपाईंले सामना गरिरहनुभएको जुनै पनि परिस्थितिमा तपाईं हरेकले परिवर्तन ल्याउन सक्नुहुन्छ, चाहे तपाईंको परिवारमा होस् वा अरु मानिसहरूमा वा तपाईंको समुदायमा होस् । तपाईंको चर्च, समुदाय वा देशमा परिवर्तन गर्नको लागि परमेश्वरले तपाईंलाई बोलाउन सक्नुहुन्छ ।

## प्रयोग

यी दुई प्रश्नहरूको विषयमाथि विचार र प्रार्थना गर्न समूहलाई भन्नुहोस्

- तपाईंको जीवन कस्तो छ ? परमेश्वरले तपाईंको भविष्य परिवर्तन गर्नसक्नुहुन्छ भनेर के तपाईं विश्वास गर्नुहुन्छ ? तपाईंको भविष्य परिवर्तन गर्नको लागि परमेश्वरले तपाईंलाई सिकाउनुभएको होस् भनेर प्रार्थना गर्नुहोस् ।
- कोही व्यक्तिहरूको विषयमा विचार गर्नुहोस् जसबाट तपाईंले सहयोगको सेवा सुरु गर्न सक्नुहुन्छ । के तपाईं सहयोगी समूहको सहभागी हुन चाहनुहुन्छ ?

प्रार्थना गर्न एकचोटी समूहसँग समय भयो भने तपाईंसँग अर्को भेटमा सहयोगी समूह बन्न रूचाउन चाहनेहरूलाई सोध्नुहोस् । तिनीहरूलाई ४-८ को समूहमा विभाजन गर्नुहोस् अनि तिनीहरूलाई अर्को पटक भेट्ने समयको योजना बनाउन उत्साह दिनुहोस् । पहिलो सभाको भेटमा उनीहरूले कुनै पनि व्यक्तिलाई सहयोग गर्न रोज्न इच्छुक हुनुपर्ने कुरा व्याख्या गर्नुहोस् । ती मानिसहरूलाई भेटेर सुरुवात गर्नुहोस् । तपाईंले भेट्दा तिनीहरूलाई परमेश्वरले सहायता

गर्नुहुनको लागि एकअर्काको निम्ति प्रार्थना गर्नुहोस् । दोश्रो सभाको भेटको हालखबरको जानकारी दिनुहोस् र तपाईंले सहयोग पुऱ्याउन उपायहरू लगाउन चाहनुभएको क्षेत्रको विषयमा बाँड्नुहोस् । समूहको रूपमा, अरूहरूलाई उत्तम तरिकाले सहयोग तपाईंलाई परमेश्वरले दिनुभएको सृजनशिलता प्रयोग गर्न बुद्धि माग्नुहोस् । सबै कुरा एकै पटकमा नगर्नको लागि याद राख्नुहोस् । सहयोग गर्नको लागि एउटा सानो क्षेत्र मात्र रोज्नुहोस् ।

# पाठ ४: परमेश्वरले हामीलाई एकदम धेरै दिनुभएको छ

**उद्देश्यहरु :**

१. परमेश्वरले तपाईंलाई दिनुभएको सबै कुरा पहिचान गर्नुहोस् ।

२. भित्री- प्राकृतिक र आत्मिक श्रोतहरू बाहिरी प्राकृतिक श्रोतहरूभन्दा बढी महत्व भएको कुरा बुझ्नुहोस् ।

**सामाग्रीहरू**

१. भूमिका खेल्नको लागि लिपी

२. दृश्य सहायक प्याक - श्रोतका कार्डहरू

**परिचय**

कक्षामा एकजनालाई तल दिइएको आत्मकथा पढ्न लगाउनुहोस् ।

विश्वासीले परमेश्वरसँग समय बिताइरहेको छ र मत्ती २५: १४-३० पढ्दछ । अनि उसले भन्दछ, "म पाँच वटा सिक्का दिइएको नोकर बन्न चाहन्छु ताकि परमेश्वरको लागि म महान कामहरू गर्न सकूँ । तर एक मात्र सिक्का दिइएको नोकरको लागि अफसोस छ । परमेश्वर ऊ प्रति कठोर हुनुभयो । तर मेरो अवस्थामा यस्तो छैन किनभने परमेश्वरलाई सेवा गर्न र उहाँको लागि काम गर्न मसँग कुनै पनि विशेष प्रतिभा वा वरदान छैन । त्यस बाहेक म एकदम गरीब पनि छु । मेरो वास्तविकता यो हो कि म कसैलाई पनि सहयोग गर्न सक्दिन किनभने म आफैलाई धेरै कुराको खाँचो छ । हे, प्रभु मलाई सहयोग गर्नुहोस् तर प्रयोग गर्नको लागि मलाई केही थोरै सिक्काहरू दिनुहोस् ।"

- नाटकमा तपाईं के देख्नुभयो ?
- गरीब विश्वासीले के भन्यो ?
- के उसको दृष्टिकोणको विषयमा ऊ ठीक छ ?
- उसले किन त्यस तरिकाले सोच्यो ?

## बाइबल अध्ययन

**सानो समूहहरूमा**

मत्ती २५: १४-३० पढ्नुहोस्

पद १६-१८

- नोकरहरूले आफ्नो सिक्काले के गरे ?
- तपाईंलाई आफूलाई सिक्का प्रयोग गर्ने नोकर कि लुकाउने नोकरसँग आफूलाई पहिचान गर्नुहुन्छ ?

पद १९-२३

- मालिक फर्केर आए पछि के गऱ्यो ?
- मालिकले उसलाई के भन्यो ?
- तपाईंको विचारमा धेरै विश्वासीहरूले तिनीहरूको सिक्का प्रयोग नगर्ने कारण के हो ?
- हामीले के गर्न सक्छौं ?

## हाम्रा विगतका बहानाहरू हटाउने

निर्देशन : ५ जनालाई स्वयंमसेवक हुनलाई बोलाउनुहोस् । हरेक स्वयंमसेवकलाई उस्तै प्रकारको बहानाहरू पढ्न लगाउनुहोस् ।

बृद्ध व्यक्ति : "अहो, म अझै पनि नव जवान भएको आशा गर्दछु । तब मेरो सिक्काले परमेश्वरलाई सेवा गर्नको लागि मसँग बल हुन्थ्यो । अब म एकदमै बृद्ध भइसकेको छु र म थाकेको छु ।"

नव जवान व्यक्ति : "ओहो, म आशा गर्छु कि अझै पनि म यो भन्दा पनि पाको  हुनसकें । तब मसँग अझ बढी प्रतिष्ठा हुन्थ्यो र मेरो सिक्काले म अझै परमेश्वरको सेवा गराउन मानिसहरूलाई अगुवाई गर्न सक्थें । अहिले, यो एकदम कठीन छ किनभने म अझै पनि नव जवान छु ।"

व्यापारी व्यक्ति : "ओहो, म आशा गर्छु कि म सँग अझै पनि बढी समय भइदिएको भए हसनेथियो । मेरो काममा म यति व्यस्त छु कि अरूहरूलाई सहयोग गर्न मसँग कहिल्यै पनि समय छैन । "

अशिक्षित व्यक्ति : "ओहो, म आशा गर्छु कि म धेरै पढेलेखेको व्यक्ति भएको हुँ । मलाई ईश्वरशास्त्रको विषयमा केही पनि थाहा छैन । पास्टरले मात्र अरूहरूलाई सहयोग गर्न सक्छन् किनभने उहाँ बाइबल कलेज जानुभएको छ र तालिम लिनुभएको छ ।"

गरीब व्यक्ति : "ओहो, म आशा गर्छु कि मसँग धेरै पैसा भएको भए हुन्थ्यो । तब म वास्तवमा परमेश्वरको सेवा गर्न सक्थेँ । आफू बाहेक अरू कसैलाई सहयोग गर्न म एकदम गरीब छु ।"

### सानो समूहमा छलफल गर्नुहोस्

- यी मध्ये तपाईंले कुन बहानाहरू बनाउनुभएको छ ?
- तपाईंको चर्चमा अरूहरुबाट यी मध्ये कुन बहानाहरू बढी गरेको सुन्नुभएको छ ?
- सिक्का लुकाउने नोकरको बहाना के थियो ?
- के यो बहाना मालिकको निम्ति स्वीकार योग्य थियो ?
- तपाईंको विचारमा परमेश्वरको अघि के तपाईंको बहाना स्वीकार योग्य छ ?
- यी बहानाहरूलाई हटाउन हामीले के गर्न सक्छौं ?

## परमेश्वरले हामीलाई दिनुभएको सबै कुरा हेर्न हामीले सुरु गर्नुपर्छ

प्रायःजसो हामी शैतानको झूट सुन्दछौँ र हामीसँग केही पनि नभएको कुरामा विश्वास गर्दछौँ । हामीले आफैलाई अरूसँग तुलना गर्दछौँ र आफूसँग नभएको कुरा मात्र देख्न हामी सक्षम हुँदछौँ । आज हामी फेरि परमेश्वरले दिनुभएको सबै कुरा हेर्नेछौँ ।

हामी अझ बढी स्पष्टसँग विचार गर्न सहयोग पुऱ्याउन हामी तीन श्रेणीहरूमाथि ध्यान दिनेछौँ ।

**प्राकृतिक-भित्रीले** परमेश्वरले हामीलाई दिनुभएको वरदान र क्षमतलाई दर्शाउँदछ । उदाहरणको लागि : बोल्ने क्षमता, निर्णय गर्ने क्षमता, खाना पकाउने क्षमता, आगो बाल्ने क्षमता.....

**बाहिरी प्राकृतिक-ले** हामीलाई समुदायमा आफ्नो लागि परमेश्वरले दिनुभएको श्रोतहरूलाई दर्शाउँदछ । उदाहरणको लागि : पानी, जमीन, सूर्य, स्कूल आदि ।

**आत्मिकले** परमेश्वरसँग हामीसँग भएको अन्तरसम्बन्धको कारणले भएको सबै कुरालाई दर्शाउँदछ । उदाहरणको लागि : आश्चर्यकर्म, प्रार्थना, परमेश्वरको शक्ति आदि ।

तीन श्रेणीहरू बीच भिन्नता रहेको कुरा स्पष्टरूपमा कक्षाका विद्यार्थीले बुझेको निश्चय गर्नुहोस् । कक्षालाई समूहहरूमा विभाजन गर्नुहोस् र उनीहरूलाई कार्डहरू मिलाउन लगाउनुहोस् (दृश्य सहायक प्याक-श्रोतका कार्डहरू) जुन तिनीहरूको समुदायमा भएको र नभएको कुराहरू अनुसार प्रदान गरिएको छ । उनीहरूले गरिसकेपछि उनीहरूसँग भएको पाँचवटा बढी कुराहरूको विषयमा सोच्न लगाउनुहोस् ।

कक्षालाई उनीहरूको उत्तरहरू हेर्न लगाउनुहोस् । केही पनि नभएको कोही छ कि भनेर प्रश्न गर्नुहोस् ।

हामीसँग केही नभएको महसुस गर्नु सजिलो हुन्छ तर सत्य चाहिँ यो हो कि परमेश्वरले हामीलाई आशिष दिनुभएको छ । उहाँले हामीलाई एकदम बढी दिनुभएको छ । हामीसँग नभएको कुराको विषयमा सोच्नुभन्दा परमेश्वरले हामीलाई पहिला नै दिनु भइसकेको कुरालाई प्रयोग गर्नु आवश्यक छ ।

फेरि मत्ती २५: २०-२३ पढ्नुहोस्

- परमेश्वरले हामीलाई दिनुभएको कुरा प्रयोग गर्दा के हुन्छ ?
- के हामीले परमेश्वरले दिनुभएको कुरा प्रयोग गरिरहेका छौँ ?
- परमेश्वरले हामीलाई दिनुभएको कुरा प्रयोग गरी हामी कसरी अझ उत्तम बन्न सक्छौँ ?

## किसानहरू

अनुसन्धानले यो देखाएको छ कि प्रायःजसो हामी भित्र भएको श्रोतहरू हामीभन्दा बाहिरको श्रोतको तुलनामा बढी महत्वको हुन्छ । ख्रीष्टियनको रूपमा आत्मिक श्रोतहरू अझ बढी महत्व भएको हामी जान्दछौँ किनभने तिनीहरूले हाम्रो प्राकृतिक श्रोतहरूको बढाउनसक्छ ।

तल दिएको कथा पढ्नुहोस्

कोन्सटान्जामा जमीन एकदम मलिलो हुन्छ । त्यहाँ प्रशस्त पानी छ र फसल उत्पादनको लागि जलवायु राम्रो छ ।

दोश्रो विश्व युद्धपछि यो क्षेत्रमा युद्ध पछि जापानमा भइरहेको कठिनाईबाट जापानीहरूलाई उम्कनको निम्ति उनीहरु यस ठाउँमा आएका थिए । उनीहरू आउँदा उनीहरुले लगाएको लुगा बाहेक अरू केही पनि उनीहरूसँग थिएन । तिनीहरू स्थानीय मानिसहरूसँग बसोबास गरेर उनीहरूसँग एकसाथ खेती किसानी गर्न थाले ।

२० वर्षपछि जापानी खेती किसानीहरू धनी हुन पुगे । तिनीहरूसँग ठूला सुन्दर घरहरू थिए तर पनि स्थानीय खेती किसानहरू अझै पनि गरीब थिए र पर्याप्त खानको लागि उत्पादन गर्न संघर्ष गरिरहेका थिए ।

यो कसरी सम्भव हुनसक्छ ? के भयो ? उनीहरूसँग उस्तै किसिमको भौतिक श्रोतहरू थिए । खाली तिनीहरूको विचार र उपायमा फरक थियो । जापानीहरू विश्वास गर्थे कि परिस्थितिहरू कठिन हुँदा पनि तपाईंले कडा परिश्रम गर्नुपर्छ र तपाईंले कदापि हरेस खानुहुँदैन । स्थानीय मानिसहरूले आफ्नो जीवन कदापि परिवर्तन हुँदैन भनेर विश्वास गर्थे । तिनीहरूको पितापुर्खाहरू गरीब भएको कारण तिनीहरू पनि गरीब हुनेछन् भनि उनीहरूले विश्वास गर्थे । परिस्थितिहरू कठिन हुँदाखेरी तिनीहरूले केही पनि गरेनन् किनभने त्यो तिनीहरूको भाग्य भएको विश्वास गर्थे ।



- यो कथामा के भयो ?
- मानिसहरूले सोच्ने तरिका कति महत्व थियो ?
- यो कथाबाट हामी के सिक्न सक्छौं ?
- यो कथाको परिणामस्वरूप हामी फरक ढङ्गले गर्नसक्ने एउटा कुरा के हो ?

याद गर्नुहोस् : त्यो उस्तै जमीन भएको कुरा बुझ्न कक्षालाई सहयोग गर्नुहोस् । तिनीहरूको विचार र उपायहरू बीचमा चाहिँ भिन्नता थियो । जापानीहरूसँग बढी राम्रो प्राकृतिक-बाहिरी श्रोतहरू नभई स्थानीय किसानहरूको जस्तै थियो । जापानीहरूसँग भएको फाइदा चाहिँ उनीहरूसँग भएको प्राकृतिक-भित्री श्रोतहरू थिए । हाम्रो विचार र आस्थाहरूलाई परमेश्वरको वचन प्रयोग गरी प्रभाव तुल्यायौं भने हामीले पनि असल प्राकृतिक-भित्री श्रोतहरू हासिल गर्नसक्छौं ।

# पाठ ५ : शैतान झुटा हो

**उद्देश्यहरु**

निम्न कुराहरू बुझ्न :

१. हाम्रो आधारभूत आस्थाको विषयको तहमा पनि शैतानले झूट बोल्छ । जस्तै काम, आशा, मानवता, सृष्टि आदि- त्यसको झूटले हामीलाई गरिबीमा राखिरहन्छ ।

२. खीष्टियनको रूपमा हामीले सत्य जान्नु आवश्यक छ किनभने सत्यले हामीलाई स्वतन्त्र तुल्याउँछ ।

३. सबै जातिलाई चेलापन गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको छ, जसमा जीवनको सबै क्षेत्रहरूमा सत्यता ल्याउनु पनि हो भन्ने कुरा समावेश हुन्छ ।

## सामाग्रीहरू

१. दृश्य सहयोगी प्याक- झूटा कार्डहरू

## परिचय

यूहन्ना ८: ४४ पढ्नुहोस्

- यो पदले शैतानको विषयमा कसरी व्याख्या गर्दछ ?
- शैतानले भन्न सक्ने झूटहरूको केही उदाहरण के हुन् ?
- शैतानको झूटले हामीलाई आज के प्रभाव गर्नसक्छ ?

शैतान झूटको पिता हो । सुरुदेखि नै त्यसले झूट बोल्थ्यो र आज पनि निरन्तर झूट बोलिरहन्छ । त्यसले हामी भोको र गरीब भएको चाहन्छ । परमेश्वरको व्यवस्था पालन गरेपछि हामी आशिषित हुनेछौं भन्ने कुरा त्यसले जान्दछ । त्यसले त्यसो भएको नचाहेकोले हामीसँग झूट बोलिरहन्छ ।

## शैतानले कस्तो प्रकारको झूट बोल्छ ?

शैतानले धेरै तरिकाबाट झूट बोल्छ । हामीलाई गरीब बनाउने केही झूटहरूको विषयमा हामी हेर्नेछौं ।

हरेक झूटा कार्डहरूलाई हेर्नुहोस् (दृश्य सहायक प्याक ५) । कक्षाका विद्यार्थीले झूट बुझेको निश्चित गर्नुहोस् । कक्षालाई अझ दुईभन्दा बढी झूटहरूको विषयमा सोची तिनीहरूलाई खाली कार्डहरूमा लेख्न लगाउनुहोस् ।

सबै कार्डहरूलाई जमीनमा राख्नुहोस् र तिनीहरूले विश्वास गरेको हरेक झूटमा कक्षालाई पातहरू वा ढुङ्गाहरु ( सिमी/सिंका) राख्न लगाउनुहोस् ।

कक्षालाई समूहहरूमा विभाजन गर्नुहोस् अनि हरेक झूटहरूका विषयमा छलफल गरी ती झूटको विरूद्धमा परमेश्वरको सत्यताको विषयमा सोच्न लगाउनुहोस् । हरेक समूहलाई विवरण दिन लगाउनुहोस् ।

| | |
|---|---|
| काम श्राप र भारी बोझ हो । सकेसम्म थोरै काम गर्नु राम्रो हो ।  | हामी काम गर्नको निम्ति बनाइएका हौं । पाप गर्नु भन्दा अगाडि आदमले काम गरिरहेका थिए । यो हाम्रो प्रतिष्ठाको भाग र परमेश्वरलाई महिमा दिने तरिका हो । |
| हामी गरीबी जन्मिएका थियौं र हामी गरीब नै भएर मर्नेछौं ।  | यदि हामी परमेश्वरको आज्ञापालन गर्‍यौं भने उहाँले हामीलाई आशिष दिनुहुन्छ । |
| हामी यस्तो गरीब छौं कि हामीले दिनुपर्दैन । अरू मानिसहरूले हामीलाई दिनुपर्छ ।  | सबैभन्दा गरीबहरूलाई पनि दिने काममा कुनै छुट छैन । मलाकीमा परमेश्वरले भन्नुभएको छ कि मानिसहरू आशिषित नभएको कारण तिनीहरूले परमेश्वरलाई प्राथमिकता नदिएकोले हो । उहाँले आज्ञा गरेबमोजिम तिनीहरूले दिन सुरु गर्दा के हुन्छ भनि हेर्न र जाँच्ने कुरा उहाँले तिनीहरूलाई भन्नुहुन्छ । परमेश्वरले हामीलाई सबै कुरा दिनुभएको छ र हामीलाई आवश्यक परेको सबै कुरा प्रदान गर्न परमेश्वर तयार हुनुभएको कुरा हामीले बुझेर दिन थाल्नु जरूरी छ । |

| | |
|---|---|
| परमेश्वरले आत्मिक कुराको मात्र वास्ता गर्नुहुन्छ ।  | परमेश्वरले हाम्रो जीवनको सबै पक्षको वास्ता गर्नुहुन्छ । पतनमा सबै कुरा तोडिएको थियो अनि हाम्रो जीवनको हरेक पक्षलाई उहाँले आफूसँग मेलमिलाप गराउन चाहनुहुन्छ । |
| हाम्रो छिमेकीहरूलाई मात्र सुसमाचार प्रचार गरेको परमेश्वर चाहनुहुन्छ - हामीले उनीहरूको शारिरिक र भौतिक आवश्यकताको विषयमा वास्ता गर्नुपर्दैन ।  | परमेश्वरले हामीलाई छिमेकीलाई प्रेम गर्नुपर्ने आज्ञा दिनुभएको छ । जब उहाँले भेडा र बाख्राको विषयमा व्याख्या गर्नुहुन्छ तब उहाँले याद दिलाउनुहुन्छ कि प्रेम चाहिँ खाना, पानी र आश्रय प्रदान गर्नु हो । हाम्रो छिमेकी को हो भनेर प्रश्न गर्दा येशूले एउटा सामरीको कथा भन्नुभयो, जसले सडकमा घाइते भई लडेको अपरिचित व्यक्तिलाई भेट्टाउँछ र त्यसलाई औषधी उपचारको सहयोग प्रदान गर्छ । |
| कसैको आर्थिक सहयोग विना हामीले आफ्नो जीवन परिवर्तन गर्न सक्दैनौं ।  | परमेश्वरले हामीलाई पहिला नै आशिष दिइसक्नुभएको छ । हामीले आँखा खोली परमेश्वरले हामीलाई पहिला नै दिइसक्नुभएको कुरालाई हेरी त्यसलाई प्रयोग गर्न जरूरी छ । परमेश्वरले हामीलाई दिनुभएको कुरा हामीले प्रयोग गर्‍यौं र अरूहरूलाई आशिष दियौं भने उहाँले हामीलाई आशिष दिनुहुन्छ । मोड्युल १ मा हामीले श्रीमती लीले गर्नुभएको सहायतालाई हेर्‍यौं जसले मानिसहरूलाई नयाँ विचार र उपाय मात्र दिएर सहयोग गर्नुभयो । |
| कोही मानिसहरू अरूभन्दा ठीक अवस्थामा छन् । हामी महत्वपूर्ण होइनौं ।  | हामी सबै जना परमेश्वरको प्रतिरूपमा बनिएका हौं र परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्र हाम्रो लागि मर्न पठाउनुभयो । उहाँको राज्यमा उच्च र निम्न मानिसहरू छैनन् । उहाँले चाहे अनुसार हामी हरेकलाई सृष्टि गर्नुभएको छ र हामी हरेक व्यक्तिको निम्ति उहाँसँग विशेष उद्देश्य छ । |

| | |
|---|---|
| सुसमाचारको सन्देशले हाम्रो आत्मिक जीवनलाई मात्र प्रभावित तुल्याउछ ।  | जीवनको हरेक पक्षलाई पुर्नमिलन गराउन येशू मर्नुभयो खालि आत्मिक विषय वस्तुको लागि मात्र होइन । |

## यी झूटहरूको प्रभाव के हुन् ?

शैतानको झूटले हाम्रो जीवनमा नराम्रो प्रभाव पार्छ ।

तलको कथा पढ्नुहोस् :

इस्राएलमा धेरै जस्तो उजाड स्थान छ तर पनि यो उजाडस्थानको विषयमा केहि अनौठो कुरा छ । उजाड स्थानको कुनै भागमा विरुवा छैनन्-ती भागहरू खाली र बढी रूखो छ । उजाड स्थानको अरू भागहरूमा जङ्गल छन् । उजाड स्थानका ती भागहरूमा यति धेरै फलफूल र फूल उत्पादन हुन्छन् कि तिनीहरू संसारभरि निर्यात गरिन्छन् । किन उजाडस्थानको नजिकै जङ्गल छ ? उजाडस्थानको क्षेत्रमा बस्ने मानिसहरू अरबीहरू हुन् । तिनीहरूले जमीनलाई अल्लाहले श्राप दिएको कुरामा विश्वास गर्छन् । तिनीहरूले केही पनि काम गर्दैनन् किनभने जमीन असल नभएकोले कदापि असल हुनेछैन भनि विश्वास गर्दछन् । जमीनमा बस्ने अरू मानिसहरू चाहिँ यहुदीहरू हुन् । उनीहरू परमेश्वरले दिनुभएको त्यो प्रतिज्ञाको देश भएको विश्वास गर्दछन् । तिनीहरू विश्वास गर्छन् कि त्यो बाइबलमा प्रतिज्ञा गरिएको दूध र मह बग्ने देश हो । तिनीहरू विश्वास गर्छन् कि बाइबलले हामीलाई जमीनको हेरचाह गर्न, अधिकार गर्न र त्यसमा काम गर्न आज्ञा गरेको छ । त्यसैकारण पानीको अभावको समस्यालाई समाधान गर्न तिनीहरूले सृजनात्मक उपायहरूको विचारहरूलाई प्रयोग गरे । उनीहरूले समाधान खोजेर पाए अनि जंगल लगाए । परमेश्वरले तिनीहरूको परिश्रम माथि आशिष दिनुभयो र अब तिनीहरूसँग प्रयोग गर्ने र चाहिने भन्दा बढी छ ।

- अरबी र यहुदीहरू बीचको भिन्नता के हो ?
- अरबीहरूको र यहुदीहरूको ओगटेको जमीनले गरेको उत्पादनहरूको बीचमा के भिन्नता थियो ?

याद गर्नुहोस् : अरबीहरूले शैतानको झूटमा विश्वास गरेको परिणामस्वरूप तिनीहरूको जमीन व्यर्थ भएको कुरो हेर्न कक्षाका विद्यार्थीहरूलाई सहायता गर्नुहोस् । यहुदीहरूले परमेश्वरको सत्यतामा विश्वास गरे अनि तिनीहरूसँग यति प्रशस्त छ कि तिनीहरू निर्यात गर्न सक्छन् ।

हरेक झूटा कार्डलाई फेरि एकचोटी हेर्नुहोस् । हरेक झूटको विषयमा विश्वास गर्ने र परमेश्वरको सत्यतामा विश्वास गर्ने बीचको भिन्नतामाथि सोच्नुहोस् । उदाहरणको लागि कार्ड १ मा - काम श्राप हो । यदि कसैले काम श्राप हो भनि विश्वास गर्छ भने तिनीहरू कडा परिश्रम गर्दैनन् । त्यो दिनको लागि खानलाई तिनीहरूसँग पर्याप्त भयो भने तिनीहरू काम गर्न छोडिदिन्छन् । तिनीहरू काम गर्न रूचाउँदैनन् र सकेसम्म थोरै काम गर्ने तरिकाहरू हेरिरहेका हुन्छन् । तर पनि यदि कसैले कामचाहिँ प्रतिष्ठाको एउटा पाटो परमेश्वरलाई महिमा दिने तरिकाको रूपमा हेर्नथाल्यो भने

तिनीहरूले बढी कडा परिश्रम गर्नेछन् । कडा परिश्रमको कारण तिनीहरू बढी कमाउन सक्छन् । कठिन अवस्थामा पनि उनीहरू धैर्य धारण गर्न सक्छन् र उनीहरू चाँडै हरेस खाँदैनन् ।

**सानो समूहहरूमा**

हरेक झूटहरूलाई हेर्नुहोस् र झूटको नराम्रो प्रभावको विषयमा छलफल गर्नुहोस् । कक्षालाई फेरि गरेको छलफल बताउनुहोस् ।

सबै जनाले झूटलाई नभएर सत्यतालाई विश्वास गरे भने तिनीहरूको समुदायमा कस्तो परिवर्तनहरू तिनीहरूले देख्ने थिए भनि कक्षाका विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । तपाईंको समुदाय अझ राम्रो हुनेथियो कि खराब हुनेथियो ? तपाईंको समुदाय परमेश्वरले बढी चाहनुभएको जस्तो हुन्थ्यो कि त्यो भन्दा कम ?

कक्षा सबैलाई संगै तपाईंको क्षेत्रमा परमेश्वरले झूटको शक्तिलाई तोड्नुभएको होस् र तपाईंको मनलाई सत्यताले भर्न सहयोग गर्नुभएको होस् भनि प्रार्थना गर्न समय बिताउनुहोस् ।

## हामीले झूटलाई कसरी हटाउने ?

यूहन्ना ८: ३१-३२ पढ्नुहोस् : येशूले आफूमाथि विश्वास गर्ने यहुदीहरूलाई भन्नुभयो, “तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेलाहरू हौ । तब तिमीहरूले सत्य के हो सो जान्ने छौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।”

- हामीले कसरी सत्यलाई चिन्न सक्छौँ ?
- सत्यले के गर्नेछ ? (के कुराबाट हामीलाई स्वतन्त्र तुल्याउँछ ?)

यदि हामी शैतानको झूटबाट स्वतन्त्र हुन चाहन्छौँ भने हामीलाई परमेश्वरबाट आएको सत्यताको आवश्यकता पर्दछ । परमेश्वरले ख्रीष्टियनहरूलाई “सबै सत्यतामा डोऱ्याउनु हुने सत्यताको आत्मा” पठाउने प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १६:१३) । परमेश्वरले तपाईंलाई सत्यता देखाउनुभएको होस् भनेर प्रार्थना गर्नुहोस् र परमेश्वरको सत्यता बुझ्न बाइबल अध्ययनमा समय बिताउनुहोस् । बाइबल र उहाँको सत्यता बुझ्नलाई प्रार्थनामा परमेश्वरबाट सहयोग माग्नुहोस् ।

# पाठ ६ : आवश्यकताहरु पहिचान

**उद्देश्यहरु**

१. समुदायहरूको विषयमा जानकारीहरू प्रदान गर्ने

२. समुदाय परिवर्तन गर्ने तरिकाहरूको विषमा समूहलाई सोच्न सहयोग गर्ने

३. तिनीहरूको समुदायमा परिवर्तन ल्याउनलाई योजनाहरू बनाउन सुरु गर्न सहयोग गर्ने

## सामाग्रीहरू

१. खाली कार्डहरू

२. ठूलो खाली कागज

## परिचय

समुदाय परिवर्तन गर्ने अर्को कदम चाहिँ हाम्रो समुदायलाई नजिकबाट हेर्नु अनि हामीले सामना गरिरहनुपरेका समस्याहरू र हाम्रो भविष्यको आशाको विषयमा स्पष्ट रूपले बुझ्नु हो ।

तपाईंसँग भएको रूपियाँको नोट रोज्नुहोस्, जुन सबै जनासँग सामान्य हुनसक्छ ।

समूहलाई निम्न प्रश्नहरू सोधेर उत्तर माग्नुहोस् । (तपाईंले सिकाउनुभएको मानिसहरूसँग सामान्य भएको रूपियाँको नोट अनुसार प्रश्न उठाउनुहोस् ।)

१. नोटमा कति पटक १००० अंकहरू देखा पर्छ ?

२. “एक हजार” भन्ने शब्दहरू तपाईंको नोटमा कति पटक देखा पर्छ ?

३. नोटको कुन ठाउँमा क्रम संख्या छ ?

४. क्रम संख्या कुन रङ्गमा लेखिएको छ ?

५. रूपियाँको नोटको पछाडि कुन जनावरको चित्र छ ?

६ जनावरले के गर्दैछ ?

७. रूपियाँ नोटको पछाडि कति जना मानिसहरू छन् ?

८. रूपियाँ नोटको पछाडि माथिपट्टि कस्ता शब्दहरू छन् ?

९. रूपियाँ नोटको पछाडिको देब्रेपट्टि भएको प्रतीक कुन रङ्गमा छ ?

हामी कुनै कुराहरूप्रति यति धेरै परिचित हुन्छौं कि हामी त्यसलाई देखिरहदैनौं भनि व्याख्या गर्नुहोस् । समुदायलाई फेरि हेर्न र हामीले कसरी त्यसलाई सहयोग गर्नसक्ने विषयमा सहायता गर्नु यो अभ्यासहरूको उद्देश्य हो ।

## परिवारहरू

ठूलो कागजको टुक्रामा तीन बाकसहरूको चित्र कोर्नुहोस् । ती बाकसहरूमा अति गरीब, गरीब र धनीको स्तर लेख्नुहोस् । हरेक बाकसमा स्तर अनुसार परिवारको अवस्थाहरू कस्तो हुन्छ भनि व्याख्या गर्नुहोस् । उनीहरूलाई यस्ता कुराहरूमा विचार गर्न लगाउनुहोस्

- घरको प्रकार
- खाना
- पशुपंक्षी, जनावरहरु
- जग्गा जमीन
- पहिरन
- शिक्षा
- काम

उनीहरूले सिध्याइसकेपछि, हरेक बाकसमा तिनीहरूको समुदायका मानिसहरू कति प्रतिशत पर्दछन् भनि अनुमान गर्न निर्देशन दिनुहोस् ।

| धनी | गरिब | अति गरिब |
|---|---|---|
| स्थायी घर, बाँकी चामल र सफा लुगाहरू । उनीहरूसँग टिभी, मोटरबाइक, डिभिडी, घर पालुवा पशुहरू लगायत छन् । तीन छाकको लागि तिनीहरूसँग पर्याप्त खाना छ । नानीहरू पढ्न जाँदा तिनीहरू भोको हुँदैनन् । | तिनीहरूसँग घर मात्र छ तर भित्र केहि पनि छैन । दिनको एक छाकको लागि मात्र तिनीहरूसँग पर्याप्त खाना छ । थोरै कपडाहरू मात्र छ । सखरखण्डको पात खान्छन् । | घर भत्किरहेको छ । दिनको एक छाक भात र नून खान्छन् । तिनीहरूसँग केहि पनि खान पर्याप्त छैन । |




## समुदाय

तिनीहरूको गाउँको मानचित्र बनाउन सबै सहभागीहरूलाई एकसाथ काम गर्न निर्देशन गर्नुहोस् ।

यदि तपाईंले एकभन्दा बढी समुदायका मानिसहरूलाई तालिम दिइरहनुभएको छ भने हरेक समुदायलाई प्रतिनिधित्व गर्ने समूहमा कक्षालाई विभाजन गर्नुहोस् । यदि समूहमा ६ भन्दा बढी मानिसहरू छन् भने त्यसलाई विभाजन गरेर दुई नयाँ समूह बनाई मानचित्र बनाएर काम गर्न निर्देशन दिनुहोस् ।

मानचित्र बनिसकेपछि, सहभागीहरूलाई निम्न कुराहरू चिनो कोर्न लगाउनुहोस् :

क. मानिसहरूले कहाँबाट पानी ल्याउँछन्

ख. स्कूल, अस्पताल, बजार, स्वस्थ्य केन्द्र आदि

ग. महत्वपूर्ण धार्मिक स्थलहरू

घ. मानिसहरूले खाना पकाउनको लागि ईन्धन पाउने ठाउँहरू

ङ. महत्वपूर्ण सडकहरू आदि

च. मनोरञ्चन क्षेत्रहरू

मानचित्र पूरा भएपछि भिन्नताहरू र समानताहरू हेर्नलाई मानचित्रहरूको तुलना गर्नुहोस् । यदि तिनीहरू एउटै समुदायसँग आबद्ध छन् भने तिनीहरूले एक अर्काबाट विचार र उपायहरू लिन सक्छन् ताकि कुनै पनि कुरा नछुटोस् ।

यी मानचित्रहरूको निष्कर्षमा आएपछि अबको १० वर्षमा तिनीहरूको समुदाय कस्तो अवस्थामा हुने कुरालाई प्रस्तुत गर्न दोश्रो मानचित्र कोर्न लगाउनुहोस् । तिनीहरू के र किन नयाँ कुरा मानचित्रमा थपेको र परिवर्तन गरेको विषयमा प्रश्न गर्नुहास् । पहिलो मानचित्रबाट त्यो कसरी फरक छ ? समुदाय परिवर्तनहरूको मुख्य तालिका विवरणको पानामा मुख्य परिवर्तनहरू लेख्नुहोस् ।

## परियोजनाहरूलाई प्राथमिकता बनाउने

तपाईंले परिवारहरूमा देख्न चाहनुभएको परिवर्तनहरूको विषयमा विचार गर्नुहोस् । हरेकलाई कार्डमा लेख्नुहोस् । समुदाय मानचित्रमा परिवर्तनहरू थप्नुहोस् र तिनीहरूलाई कार्डमा लेख्नुहोस् । सबै कार्डहरूलाई एकसाथ राख्नुहोस् । तिनीहरू प्रयोग गरी कक्षाले अपेक्षा गरेको परिवर्तनहरू सूचीकरण भएको छ कि छैन भनि हेर्न निर्देशन दिनुहोस् ।

कक्षालाई ती सबै कार्डहरूलाई : अति महत्वपूर्ण, महत्वपूर्ण, थारै महत्वपूर्ण गरी मिलाएर राख्न लगाउनुहोस् । अति महत्वपूर्ण भएको कार्डहरूलाई तीन अंक दिनुहोस् । महत्वपूर्ण ठहरिएको कार्डहरूलाई दुई अंक दिनुहोस् । थारै महत्वपूर्ण भएको कार्डहरूलाई एक अंक तोक्नुहोस् । सबै कार्डहरू फेरि एकसाथ राख्नुहोस् र समाधान गर्न सहज समस्याहरू अनुसार तिनीहरूलाई मिलाएर राख्न कक्षाका प्रशिक्षार्थीहरूलाई निर्देशन दिनुहोस् । समाधान गर्न सजिलो, ठीकै-ठीकै र समाधान गर्न अति कठिन । समाधान गर्न एकदम सजिलोमा तीन अंक लगाउनुहोस्, ठीकै-ठीकैमा दुई अंक दिनुहोस् र समाधान गर्न एकदम कठिनमा एक अंक तोक्नुहोस् ।

अन्तमा जुन कार्डहरूमा ६ अंक छन् (यदि कुनै कार्डमा ६ अंक छैन भने ५ अंक छ भनेपनि ) । यी कार्डहरू सबैभन्दा महत्वपूर्ण र हासिल गर्न सबभन्दा सजिला हुन् । यी कार्डहरूबाट तपाईंले सुरु गर्न एक वा दुईवटा रोज्नुहोस् ।

अन्त गर्नुभन्दा अघि प्रार्थनामा समय बिताउनुहोस् र तपाईंको काममा परमेश्वरको मार्गदर्शनको निरन्तरता माग्नुहोस् । यदि समय अझ बाँकी छ भने समूहलाई तिनीहरूको अर्को प्रेमको कामको विषयमा योजना तयार पार्ने उत्साह दिनुहोस् ।